# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ६ अङ्क २३ पूर्णाङ्क २६१ | २०७८ मंसिर २० गते सोमबार | Monday, 6 Dec., 2021 | पृष्ठ ८ | मूल्य रू. १०।–


## अनेकिमहासंघ(क्रान्तिकारी)को लुम्बिनी प्रदेशको भेला सम्पन्न

दाङ। नेकपा (क्रान्तिकारी माओवादी ) निकट अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी ) लुम्बिनी प्रदेश समितिको प्रथम भेला दाङ जिल्लाको गढवा गापालिकाको गढवा बहुमुखी क्याम्पसमा सप्पन्न भएको छ।

अखिल नेपाल किसान महासंघ ( क्रान्तिकारी ) का केन्द्रीय अध्यक्ष सिताराम तामाङको प्रमुख आतिथ्यतामा सम्पन्न भेलाले प्रेमबहादुर थापाको नेतृत्वमा १५ सदस्यीय प्रदेश कमिटी चयन गरेको छ।




भेलामा अखिल नेपाल किसान महासंघ नेपाल क्रान्तिकारी बाँकी ७ पेजमा

# २८ गते संसदमा टेबल हुँदै

## एमसीसी खारेजीको माग गर्दै २६ राजनीतिक संगठन सडकमा

❑ **डिएम निरौला 'अनु'**

काठमाडौं। संसदवादी दलहरूले २८ गते संसदमा एमसीसी सम्झौता टेबल गर्दैछन्। राष्ट्रघाती एमसीसी सम्झौता पास गर्ने संसदवादीहरूको तयारीका विरुद्ध नेकपा (क्रान्तिकारी माओवादी)सहित संसदबाहिरका २६ वटा राजनीतिक दल तथा संगठनहरू सडक संघर्षमा उत्रिदै छन्।

'एमसीसी सम्झौता पारित गर्ने षड्यन्त्रविरुद्ध मङ्सिर २४ गते हुने सशक्त विरोध प्रदर्शनमा सहभागी बनौं !' भन्ने मूलनाराका साथ २६ वटा राजनीतिक संगठनले मंसिर २४ गते विरोध प्रदर्शनको तयारी गरेका हुन्। विरोध प्रदर्शनको जानकारी र विरोध प्रदर्शनमा जनसहभागिताका लागि आव्हान गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समितिका सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष बाँकी ७ पेजमा




## कैलालीमा क्रान्तिकारी युवा लिगको प्रथम जिल्ला सम्मेलन सम्पन्न



काठमाडौं। कैलाली जिल्लामा क्रान्तिकारी युवा लिगको प्रथम जिल्ला सम्मेलन सम्पन्न भएको छ। सम्मेलनबाट अध्यक्षमा राजु यादव निर्वाचित हुनुभएको छ।

सम्मेलनबाट उपाध्यक्षमा गुड्डु खान र इन्द्र ढकाल निर्वाचित हुनुभएको छ भने सचिवमा लक्की साह, सहसचिवमा अक्कल घर्तीमगर र कोषाध्यक्षमा सम्झना चौधरी निर्वाचति हुनु भएको छ।

सम्मेलनबाट सदस्यहरूमा जगन्नाथ घिमिरे, लोकेन्द्र भट्ट, अमर बानियाँ, रमेश विक, कमल बराल, गोविन्द नेपाली, गगन कट्टेल, कर्ण विष्ट, केदार खत्री, सुरेश राम्जाली मगर, आकाश विसी, आरएन खान, छोटु खान, फुक्रान खान, केशव खत्री, रामदिन चौधरी निर्वाचित हुनु भएको छ।

सम्मेलनले ५ सदस्य पछि थप्ने गरी २७ सदस्सीय जिल्ला कमिटि निर्वाचित गरेको छ। सम्मेलन लगत्तै बसेको प्रथम बैठकले ७ जनाको सचिवालय समेत गठन गरेको छ।

क्रान्तिकारी युवा लिगका सुदुरपश्चिम प्रदेशका संयोजक लालकिरणको प्रमुख आतिथ्यतामा सम्पन्न सम्मेलनमा पार्टीका केस तथा प्रदेश इन्चार्ज डायमन्डको विशेष अतिथिको रूपमा उपस्थिति रहेको थियो। बाँकी ३ पेजमा

## राष्ट्रघाती एम.सी.सी. पारित गर्ने षड्यन्त्रविरुद्ध २६ राजनीतिक दल/सङ्गठनको कार्यगत एकताका तर्फबाट सी.पी. गजुरेलको वक्तव्य

# मङ्सिर २४ गते विरोध प्रदर्शनमा सहभागी हुन आव्हान



काठमान्डौ। देउवा नेतृत्वको गठबन्धन सरकारले एम.सी.सी. पारित गर्नका लागि यही अधिवेशनमा पेस गरी पारित गर्ने योजनामा छ। उक्त एम.सी.सी. सम्झौता संसदमा पेस हुन र पारित हुन नदिनका लागि दबाव सिर्जना गर्न आगामी मङ्सिर २४ गते सशक्त विरोध प्रदर्शन कार्यक्रममा सहभागीताका लागि उहाँले सबै देशभक्त नेपालीहरूलाई वक्तव्यमार्फत जोडदार आह्वान गर्नु भएको छ।

उहाँद्वारा हस्ताक्षेरित वक्तव्यको पूर्णपाठ पृष्ठ ३ मा दिइएकोछ :

## क्रान्तिकारी युवा लिग कञ्चनपुरको सम्मेलन सम्पन्न, कमल चौधरीको नेतृत्वमा १५ सदस्यीय जिल्ला कार्यसमिति चयन

कञ्चनपुर। नेकपा (क्रान्तिकारी माओवादी) निकट युवा संगठन क्रान्तिकारी लिगको कञ्चनपुर जिल्ला सम्मेलन सम्पन्न भएको छ। बुधबार महेन्द्रनगरमा सम्पन्न लिग(आरवाईएल) को जिल्ला सम्मेलनले कमल चौधरी अध्यक्ष रहेको १५ सदस्यीय जिल्ला कार्य समिति चयन गरेको छ।

सम्मेलनले उपाध्यक्षमा हरिस जप्रेल, सचिवमा किशोर जोशी, कोषाध्यक्षमा नरेन्द्र कठायत, सहसचिवमा भरत ठकुल्लालाई चयन गरेको छ भने सदस्यहरूमा जगदीश विक, राजु दास, इश्वर विक, दिपक नेपाली, ध्वजबहादुर ठकुल्ला, दलबहादुर ठकुल्ला, जनक अवस्थी लगायतलाई चयन गरेको छ।

कार्यक्रममा नेकपा क्रान्तिकारीका केन्द्रीय सदस्य एव सुप प्रदेश सह इन्चार्ज हरि सुवेदी, क्रान्तिकारी युवा लिग (आरवाईएल) सुप प्रदेश इन्चार्ज



लालकिरण, देशभक्त जनतान्त्रिक मोर्चा सुप प्रदेशका अध्यक्ष विष्णुराम नेपालीले परिर्वतनका लागि युवा शक्तिको आवश्यकता र त्यसमा क्रान्तिकारी युवाले खेल्नु पर्ने भूमिकाबारे मन्तव्यसहित शुभकामना मन्तव्य राख्नुभएको थियो।

कार्यक्रममा क्रान्तिकारी बाँकी ७ पेजमा

## क्रान्तिकारी ट्रेड युनियन महासंघ ३ नं. प्रदेश समिति र होटेल डेला अन्नपूर्ण क्यासिनोका पीडित मजदुर संघर्ष समितिको संयुक्त आयोजनामा बृहत अन्तरक्रिया कार्यक्रम सम्पन्न




काठमाडौं। अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ ३ नं. प्रदेश समिति एवम् होटेल डेला अन्नपूर्ण क्यासिनोको अन्ना पीडित मजदुर संघर्ष समितिको संयुक्त आयोजनामा आयोजित बृहत अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ। नेकपा(क्रान्तिकारी माओवादी)का पोलिटव्यूरो सदस्य तथा केन्द्रीय कार्यालय सचिव इन्द्रमोहन सिग्देल बसन्तको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त अन्तरक्रिया कार्यक्रमको अध्यक्षता अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ ३ नं. प्रदेश समिति संयोजक अर्जुनलाल श्रेष्ठले गर्नु भएको थियो।

करिब आठ वर्षदेखि बाँकी ७ पेजमा

# रणनीतिक दृढता र कार्यनीतिक लचकताका सम्बन्धमा

*रणनीतिक उद्देश्य पूरा नहुने कार्यनीति हुनै सक्दैन। तिलस्मी कुरा गरेर सगरमाथा चढ्ने रणनीति बनाएर हिन्द महासागरतिर यात्रा थाल्नु फट्याई मात्र हो। कुनै पनि हालतमा चर्तुऱ्याई र कला होइन राजनीतिमा एउटा इमान्दारिता चाहिन्छ। कार्ल मार्क्सले प्रष्ट शब्दमा भन्नुभएको छ 'कम्युनिस्टहरु आफ्नो उद्देश्य लुकाउनुलाई अपराध ठान्छन्'*



● चन्द्रहरी सुवेदी 'अटल' ●

रणनीतिमा दृढ हुनु हरेक मालेमावादीका लागि अनिवार्य कुरा हो। रणनीति र कार्यनीतिबिच द्वन्द्वात्मक सम्बन्ध हुन्छ। राजनीति विज्ञान मात्र होइन कला पनि हो भन्ने कुराको महत्व पनि यसमा नै छ। कार्यनीति कतिपय वेला २४ घण्टामा पनि फेरिने र कतिपय समयमा विरोधीपक्षलाईसमेत् साथमा लिएर रणनीतिसँग जोड्नुपर्ने हुँदा यसमा पर्याप्त लचकता अपनाउनुपर्ने, कलापुऱ्याउनुपर्ने हुन्छ।रणनीतिक उद्देश्य पूरा नहुने कार्यनीति हुनै सक्दैन। तिलस्मी कुरा गरेर सगरमाथा चढ्ने रणनीति बनाएर हिन्द महासागरतिर यात्रा थाल्नु फट्याई मात्र हो। कुनै पनि हालतमा चर्तुऱ्याई र कला होइन राजनीतिमा एउटा इमान्दारिता चाहिन्छ। कार्ल मार्क्सले प्रष्ट शब्दमा भन्नुभएको छ 'कम्युनिस्टहरू आफ्नो उद्देश्य लुकाउनुलाई अपराध ठान्छन्'। उद्देश्य प्रष्ट भइसकेपछि अपनाउने लचकता मात्र हो, कार्यनीति। केही समय अगाडि जाने साझा स्वार्थ र गन्तव्य मिलेपछि मात्र सँगै हिँड्न सकिन्छ। उदाहरणको लागि राजतन्त्रात्मक संसदीय व्यवस्थाको अन्त्य गर्दै लोकतान्त्रिक गणतन्त्रको यात्रासम्म सँगै जाऔं भनेर १२बुँदे सम्झौता गरिएको थियो। त्यसमा कसैले कसैलाई झुक्याएको फसाएको थिएन। यद्यपि तात्कालिन सात दलीय राजनीतिक शक्तिको हकमा यो कुरा ठिक थियो। उनीहरू लोकतान्त्रिक गणतन्त्र भन्दा अगाडि जान सक्दैनथे। किनकि त्यो उनीहरूको अन्तिम लक्ष्य हो। परन्तु माओवादीको हकमा यो कुरा अन्तिम थिएन र हुँदैनथ्यो। तर विडमब्ना भयो त्यही, जो नहुनु थियो। यसमा माओवादीको मुख्य नेतृत्वतहका नेताहरूले राष्ट्र र जनताका निम्ति घात गरे र लोकतान्त्रिक गणतन्त्रमै सीमित भएर बस्न जनयुद्धका सबै उपलब्धिहरूलाई काठमाडौंको टुकुचामा लगेर सेलाइदिए। लोकतान्त्रिक गणतन्त्र नै हाम्रो गन्तव्य हो भनेर कसैले भन्छ भने त्यो आफ्नो उद्देश्यबाट विचलित र स्खलित हो त्यो मार्क्सको भाषामा अपराध हो। सामान्य व्यवहारमा हेर्दा पनि बाँकी ७ पेजमा

## सम्पादकीय

# सशक्त राष्ट्रिय प्रतिरोध संघर्षको अपरिहार्यता

२८, मंसिर २०७८ मा संसदमा टेवल गर्न शेरबहादुर देउवा नेतृत्वको सरकारले संसदको अधिवेशन आव्हान गरेको छ। एमसीसी सम्झौता नेपालको हितमा छैन भन्ने कुरा आम रूपमा जगजाहेर भइसकेको छ। अमेरिकाको साम्राज्यवादी मिसनमा आधारित एमसीसी सम्झौताको ५६ अर्ब पैसा लिदा नेपालको स्वाधीनता नै गुम्ने जोखिम छ। देशको स्वाधीनता ५६ अर्ब पैसासँग बेच्न खोज्नु सरासर राष्ट्रघात हो। जसको चौतर्फी रूपमा सशक्त रूपमा विरोध, भण्डाफोर र प्रतिरोध गर्न जरुरी छ।

अमेरिका एउटा साम्राज्यवादी मुलुकको हो। युद्धको व्यापार गरेर संसारभर आफ्नो साम्राज्य खडा गर्न चाहन्छ। अमेरिकाको साम्राज्यवादी स्वार्थमा चीनको बढ्दो विश्वव्यापी प्रभावले चुनौती दिएको छ। आर्थिक, राजनीतिक र सामरिक रूपमा चीनले अमेरिकालाई चुनौती दिइरहेको छ। र, अबको विश्व एशिया त्यसमा पनि चीनको विश्वको रूपमा स्थापित हुँदैछ। यो स्थिति अमेरिकालाई सह्य हुने कुरा भएन। त्यसैले उसले आफ्नो रक्षा बजेटको ६० प्रतिशत भन्दा बढी एशियामा केन्द्रित गरेको छ। र, अन्यत्रका सेनाहरू हटाएर इण्डो प्यासिफिक क्षेत्रमा तैनाथ गरिरहेको छ। उसको इन्डो प्यासिफिक मिलिटरी स्ट्राटेजी चीनलाई घेरा हाल्ने र चीनलाई क्षतविक्षत बनाउने उद्देश्यमा निहीत छ। अमेरिकी अधिकारीहरूले एमसीसीलाई यही इन्डो प्यासिफिक मिलिटरी स्ट्रोटेजीकै अभिन्न अंग भएको बताउँदै आएका छन्। तसर्थ यो सम्झौतालाई नेपालबाट संसदबाट अनुमोदन गर्नुको अर्थ नेपाल स्वतः अमेरिकाको यही आइपिएसको सदस्य हुन पुग्दछ। र, नेपाल अन्ततः अमेरिकाको उपनिवेश बन्न पुग्नेछ। त्यस अवस्थामा नेपालको स्वाधीनता र सार्वभौमिकता गुम्ने स्थिति आउन सक्छ।

अमेरिका चीनका विरुद्ध नेपाली भूमि, यहाँको सस्तो श्रम र कच्चा पदार्थ तथा समग्र प्राकृतिक सम्पदा प्रयोग गर्न चाहन्छ। भूराजनीतिक हिसाबले अत्यन्तै संवेदनशील अवस्थामा रहेको नेपाल असंलग्न परराष्ट्र नीति र पञ्चशिलको सिद्धान्तका आधारमा नै देशको स्वाधीनता कायम राख्न सफल भएको हो। दुई ठूला विशाल राष्ट्रहरूको बीचमा रहेको नेपाल कुटनीतिक सन्तुलनका कारण अस्तित्वमा रहेको हो। नेपाल कुनै शक्तिराष्ट्रतपर्फ ढल्कने वा कुनै शक्तिराष्ट्रको सुरक्षा छाताभित्र जाने वित्तिकै नेपालको स्वाधीनता र सार्वभौमिकतामा गम्भिर संकट पैदा हुन्छ।

नेपालको स्वाधीनतामाथि सँधै अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादबाट खतरा रहँदै आएको छ। उत्तरतर्फको छिमेकमा चीन भएकै कारण नेपालको स्वाधीनता हडप्न पटक पटक प्रयास गरे पनि भारतीय शासकहरू सफल हुन सकेनन्। र, अब अमेरिका र भारत एकसाथ नेपालको स्वाधीनता हडप्न अगाडि बढेका छन्। यस्तो अवस्थामा स्वाभिमानी नेपाली जनता, यहाँका सच्चा देशभक्त, वामपन्थी र क्रान्तिकारी एकढिक्का भएर साम्राज्यवादी, विस्तारवादी शासकहरू र तिनीहरूका नेपाली दलालहरूका विरुद्ध एकसाथ लड्ने हो भने उनीहरूलाई धुलो चटाउन सम्भव छ। संसदवादी दलहरू जो अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादका दलालहरू छन्, ले एमसीसी सम्झौता अनुमोदन गर्ने तयारी गरेर देशको स्वाधीनतामाथि ठूलो घात गर्दैछन्। तिनीहरूको विरुद्ध सशक्त राष्ट्रिय प्रतिरोध संघर्षको उठान अपरिहार्य बन्न पुगेको छ।

परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्नै र पढ्ने गरौं।

www.moolbato.com

# उन्नति, प्रगति र विकाससम्बन्धी अवधारणा



● हुकुमबहादुर सिंह ●

***विकास सम्बन्धी अवधारणहरू आफैमा एक्लो रूपमा भरिपूर्ण छैनन् भन्ने त इतिहासले प्रमाणित गरिसकेको तत्थ्य हो। विकास र त्यसमा जनताको पहुँच अहिलेको विकासवादी अवधारणा हो। यहाँ विकासमा जनताको पहुँच भनेको विकासको प्रतिफल जनताले प्राप्त गर्ने हो। विकसित र विकासशील सबै मुलुकहरूमा विकास भएका छन् तर सबै विकासको प्रतिफल आम जनतासम्म पुग्न सकेको छैन्। परिणाम दिगो विकासको प्रश्न सधैभरी बहसको विषय वन्दै आएको छ। फेरी दिगो विकास भनेको के हो ? यसबारे पनि अनगिन्ति बहस भएका छन्। विगतमा विकासलाई माथिबाट तलतीर(त्यज मयधल बउउचयबअज ) आउने एउटा प्रक्रियाको रूपमा हेरिन्थ्यो तर अस्सिको दशकपछि विकासलाई माथिबाट तलतीरको प्रक्रियाको सट्टा तलबाट माथितीर (Bottom–up approach)को अवधारणामा अघि बढाउन खोजियो। जसलाई सहभागिमूलक विकासवादी अवधारणा भनिन्छ। यसलाई पूर्णता दिन विकासमा महिला, विकासमा अल्प संख्यक, दलित, युवा आदि भनेर जोडन थालियो। यो सबै आफैमा नराम्रा छैनन्, तर यी सबैलाई निर्देशित गर्ने गति दिने शक्ति भनेको आखिरमा राजनीति नै हो। सबै विकासको मूहान राजनीति हो। यदि मूहान सफा भए त्यसबाट निस्कने पानी सफा र स्वास्थ्यलाई हानी नगर्ने हुन्छ।***

नेपालमा विकासका कुरा धेरै गरिन्छ। तर विकाससँगै जोडिएका उन्नति र प्रगतिका वारेमा कम बहस हुन्छन्। क्रान्ति र जागरणलाई विकाससँग जोडनेबारे पनि कम बहस हुन्छन्। विकासजस्तै उन्नति र प्रगतिका अवधारणा पनि युरोपबाटै आएका हुन्। उन्नति र प्रगतिको अवधारणा पुनर्जागरणकालसंग जोडिएको छ भने विकासको अवधारणा दोस्रो विश्वयुद्धपछि आएको हो। चौधौदेखि सोह्रौ शताव्दीको समयलाई पुनर्जागरणकाल भनिन्छ।

सत्रौ र अठारौ शताव्दीमा युरोपमा विकासको समग्र परिभाषामा भनिएको थियोः विकासको काम समाजलाई अगाडि बढाउने हो तर यसको लागि भौतिक विकासमात्रै प्रयाप्त छैन्। यसको लागि साहित्य, कला र जीवनशैलीमा पनि सुधारको आवश्यकता पर्छ।

१८रौ र १९सौ शताव्दीमा भएको औधोगिक क्रान्तिले पस्चिमा देशहरूले विकासको एउटा बलियो आधार प्रविधिलाई स्थापित गर्न मद्त गऱ्यो। तर विश्वमा सबैभन्दा पहिले 'विकास'शव्दको प्रयोग गर्ने नोवल विजेता अर्थशास्त्रि आर्थर लेविसले पस्चिमा देशहरूले जे जसरी प्रगति गरे त्यसलाई एशीया, अफ्रिका र लेटिन अमेरिकी गरिब देशहरूमा नक्कल गर्न सम्भव छैन् भनेर भनेका थिए। किनभने ती देशको अर्थतन्त्र कृषि र उद्योग दुवैमा आधारित हुने भएकाले दुवैलाई संगसंगै विकास गर्नु पर्छ भन्ने उनको अवधारणा थियो।

सन् १९५०को दशकमा अर्का नोवल विजेता हेन्स सिगलले क्यापिटल सर्टफलको अवधारणा अगाडि ल्याए। यसले औधीगिकरणको लागि लगानीको आवश्यकतामा जोडदिए। उनको अवधारणा अनुसार विश्व वैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष र एशियाली विकास वैङ्कजस्ता सहुलियत दरमा लगानी गर्ने वैङ्कहरूले उनकै अवधारणालाई अगाडि बढाए।

गुनार म्यार्डलद्धारा लिखित 'एसियन ड्रामा' नामक पुस्तकमा उल्लेखित कुराहरू जे सुकै, जति सुकै गरे पनि, लगानी जति भित्रयाएपनि सरकार प्रभावकारी नभए सम्म तेस्रो विश्वका देशहरूमा विकास हुँदैन् भने। सरकारको प्रभावकारीता महत्वपूर्ण कुरा हो। शासनतन्त्र जे भएता पनि उत्तम तरिकाले काम गर्ने सरकार नै उत्तम हो भन्न थालियो। त्यसकारण सरकारको काममा प्रभावकारीता ल्याउने, उसको क्षेमता अभिवृद्धि गर्नेमा सहयोग गर्नु पर्छ भन्नेमा जोड दिन थालियो। तर यो विचारको ठिक उल्टो मिल्टन फ्रिड्म्यानले निजी क्षेत्रलाई लगानीको अवसर नदिएसम्म विकास नहुने तर्क अघि सारे। रवर्ट म्याकेनमाराको जसले पुँजी पनि समस्या होइन्, सरकार पनि समस्या होइन, निजी क्षेत्र पनि समस्या होइन, मूल समस्या भनेको प्रविधिको हो भन्ने अर्को अवधारणा अगाडि आयो। गरिब मूलुकहरूमा उन्नत बीउबिजन, कृषि औजार तथा गाडिजस्ता प्रविधिको अभाव छ। त्यसकारण उनले प्रविधि हस्तान्तरण र मानव संसाधनमा जोड दिनु पर्छ भने। ७०दशकको अन्त्य र ८०दशकको सुरूतीर विकासलाई मानवीय विकाससंग जोडनु पर्छ भन्न थालियो। यसले स्वतन्त्र व्यापार, पुँजी प्रवाह, उदारीकरण, निजीकरण र विश्वव्यापीकरणमा जोड दिन थालियो। मानव विकासले मात्रै नभई आर्थिक वृद्धिदर पनि बढाउनु पर्छ भनियो। विश्व वैङ्कका विलियम स्टर्लिले विकास गर्नलाई गैर सरकारी संघसंस्थालाई महत्व दिनु पर्छ भने।

***विकाससम्वन्धी पछिल्लो अवधारणाः***

पछिल्लो समयमा आएर अमर्त्य सेनले भारतको उदाहरण दिँदै आर्थिक विकास भएर मात्रै पुग्दैन्, गरिब र धनीबीचको खाडल कम गरिनु पर्छ। सबभन्दा गरिब भारतीय र सबैभन्दा धनी भारतीयको वार्षिक आम्दानीमा ९०लाख गुणाको फरक छ भने। यत्रो अन्तर भएको समाजलाई विकसित समाज भन्न सकिदैन् भन्ने उनको भनाइ छ। अमर्त्य सेनको लगत्तै अर्का नोवल विजेता जोसेफ इ.स्टिग्लिट्जले विकास भनेको रोजगारीका अवसर सृजनागर्ने हो भने। उनका अनुसार, जवसम्म रोजगार उपलब्ध हुँदैन् तबसम्म मानिसले खान पाउदैन्, मानिस शान्तिसँग बस्न पाउदैन।

उल्लेखित विकास सम्बन्धी अवधारणहरू आफैमा एक्लो रूपमा भरिपूर्ण छैनन् भन्ने त इतिहासले प्रमाणित गरिसकेको तत्थ्य हो। विकास र त्यसमा जनताको पहुँच अहिलेको विकासवादी अवधारणा हो। यहाँ विकासमा जनताको पहुँच भनेको विकासको प्रतिफल जनताले प्राप्त गर्ने हो। विकसित र विकासशील सबै मुलुकहरूमा विकास भएका छन् तर सबै विकासको प्रतिफल आम जनतासम्म पुग्न सकेको छैन्। परिणाम दिगो विकासको प्रश्न सधैभरी बहसको विषय वन्दै आएको छ। फेरी दिगो विकास भनेको के हो ? यसबारे पनि अनगिन्ति बहस भएका छन्। विगतमा विकासलाई माथिबाट तलतीर(Top down approach ) आउने एउटा प्रक्रियाको रूपमा हेरिन्थ्यो तर अस्सिको दशकपछि विकासलाई माथिबाट तलतीरको प्रक्रियाको सट्टा तलबाट माथितीर (Bottom–up approach) को अवधारणामा अघि बढाउन खोजियो। जसलाई सहभागिमूलक विकासवादी अवधारणा भनिन्छ। यसलाई पूर्णता दिन विकासमा महिला, विकासमा अल्प संख्यक, दलित, युवा आदि भनेर जोडन थालियो। यो सबै आफैमा नराम्रा छैनन्, तर यी सबैलाई निर्देशित गर्ने गति दिने शक्ति भनेको आखिरमा राजनीति नै हो। सबै विकासको मूहान राजनीति हो। यदि मूहान सफा भए त्यसबाट निस्कने पानी सफा र स्वास्थ्यलाई हानी नगर्ने हुन्छ। त्यसैले अहिले विकासमा जनताको पहुँचलाई सुनिस्चितगर्न, विकासको प्रतिफल जनताले प्राप्त गर्न विकासमा जनताको सहभागिताको जति महत्व छ, त्यत्तिकै महत्वपूर्ण भूमिका राजनीतिक दलहरूको छ। जसले भौतिक विकासलाई जनताको सामाजिक, आर्थिक, सास्कृतिक विकाससंग मिलान गर्दछ। सरलमा त्यसैलाई दिगो विकास भने पनि हुन्छ। किनभने यसले विकासमा जनताको स्वामित्वलाई सुनिस्चित गर्दछ र जनता नै राजनीति र विकास दुवैका मालिक बन्दछन्।

***जनता र विकासः***

हामी सबैले मानेको पक्ष के हो भने जनता नै देशका जग हुन्, र देश त्यसवेला मात्रै सुरक्षित हुने छ, जव देशको जग जनता बलिया हुने छन्। यो भनेको जनताको समुन्नतीलाई पहिलो विन्दुमा राख्ने भन्ने शासकीय दर्शन(न्यखभचलष्लन उजर्षयिकयउजथ) हो। जनताको समुन्नतीलाई पहिलो विन्दुमा राख्ने भन्ने शासकीय दर्शनका आधारमा नेपाललाई संघीयतामा लैजाने भनिएको छ। यसैलाई दीगो वनाउन, जनताका प्रतिनिधिद्धारा जनताको संविधान वनाउने भनिएको छ। जसको लागि सँविधानसभाको निर्वाचन पनि गरियो। यी सबैको प्रतिफल नेपाली जनताको लामो समयदेखिको नेपालको विकास र समृद्धिको चाहना र त्यसको प्राप्तीका लागि बलियो र टिकाउ आधार निर्माण गर्ने हो। यो भनेको जनता र राजनीतिक दलहरूबीचको सम्वन्धलाई अझ वलियो र अर्थपूर्ण वनाउने हो। तर यसको उल्टो हामी सबैले आत्मसाथ गर्नै पर्दछ कि जनता र राजनीतिक दलहरूकाबीचमा विश्वासको संकट उत्पन्न भएको छ। प्रशासनतन्त्रमा रहेका नेपाल सरकारका कर्मचारी र राजनीतिक दलकाबीचमा आदरभावको संकट छ। हुनत यो नेपालको मात्रै समस्या नभई समग्र एशीया र विश्वकै पनि समस्या वन्दै गएको छ। विकसित देशहरू खासगरी अमेरिका र युरोपका वालस्ट्रिट कब्जाजस्ता आन्दोलन यसका अभिव्यक्ति हुन।

जनतामा राजनीतिक दलहरूप्रति फैलिएको र बढदै गएको यो अविश्वास र नकारात्मक सोंचलाई वेलैमा सम्वोधन गर्ने गरेर जनताको जीवनस्तरमा आमुल परिवर्तन गर्ने खालका विकासवादी अवधारणा नल्याउने हो भने यो भविश्यको लागि गम्भीर वन्ने छ कि यसको समाधानका लागि अपनाइने सबै उपायहरू र विधिहरू अपूर्ण वन्ने छन्। त्यसैले राजनीतिक दलहरूले समय छदै आफ्नो जनतामाथिको बढदै गएको अविश्वासको खाडललाई समयमानै साँघुरो वनाउदै जान आवश्यक छ। यो काम केवल जनताका आकांक्षा र चाहनाहरूलाई विकास तथा समृद्धिको प्रक्रियामा एकत्रित गरेर मात्रै समभव छ।


नेपालमा धेरै लामो समयदेखि योजना र निर्णयहरू राजनीतिक दलको र सरकारको पनि माथिल्लो तहमा गर्ने परम्पराले विकासको सही मेरूदण्डलाई पक्डन सकेको छैन्, जसको परिणाम नेपाली जनताको लामो समयदेखिको नेपालको विकास र समृद्धिको चाहना अलपत्रमा नै रहदै आएको छ। अव हामीले यस्तो पद्धतिको विकास गर्न आवश्यक छ, जसले गर्दा जनताको तल्लोतहका मानिसहरूले कुनै विध्नवाधा र हस्तक्षेप विना स्वतन्त्रतापूर्वक आफ्नो विकास आफै गर्न सकुन। वर्तमानमा हामीले सामना गर्नु परेको समस्या भनेको जनता र समुदायमा विकास र राजनीतिको स्वामित्व कसरी स्थापित गर्ने र उनीहरूको भावनालाई कसरी समाहित गर्ने भन्ने हो। नेपालका दलित, महिला, मधेसी, जनजाति आदि समाजका पिछडिएका वर्ग तथा तहका जनतालाई राजनीतिक, आर्थिक र सामाजिक विकासको मूलधारमा कसरी समाहित गर्ने भन्ने हो। जवसम्म हामी गरीवीसंग लडन र जनताको अनुहारमा खुशीका रेखाहरूका संख्यामा बढोत्तरी गर्न सक्दैनौ त्यसवेला सम्म राजनीतिक दलहरू र सरकारको प्रभावकारीता र त्यसको वैधानिकतामाथि प्रश्न उठीरहने छ। नेपालमा भएको ऐतिहासिक जनआन्दोलन नेपालको इतिहासमा एउटा यस्तो क्रान्ति थियो जसले नेपालको समाजमा अनगिन्ति महत्वपूर्ण परिवर्तन ल्याउन सफल भएको छ। सयौ वर्षदेखि हेपिएका, पन्छाइएका शोषतपीडितहरूको सहभागिताले नयाँ युगको ढोका खोलेको छ। तर सयौ वर्षदेखि हेपिएका, पन्छाइएका शोषतपीडितहरूको पक्षमा नेपालको संविधान बन्न सकेन। यसले यिनीहरूको लागि मुक्ति र उन्नत जीवनस्तरको सुनिस्चितता दिन सकेको छैन। त्यसैले यी सबका लागि कतै संसदीय व्यवस्था नै त खराव भएको त होइन, बहसको आवश्यकता छ।

***सारम्शः***

सबै देशका जनताले आफ्नो देशले प्रगति, उन्नती र विकासमा फड्को मारेको देख्न चाहन्छन्। नेपाली जनताले पनि लामो समयदेखि यो सपना देख्दै आएका छन्। हाम्रा छिमेकी देश चीन र भारत अहिले विश्वकै लागि विकासका केन्द्र वनेका छन्। छिमेकीमा भइरहेको यो प्रगति र उन्नतिलाई कसरी नेपाल र नेपाली जनताको उन्नति र समृद्धिका लागि उपयोग गर्न सकिन्छ, अहिलेको महत्वूर्ण सवाल हो। र यो काम नेपालका राजनीतिक दलहरूले ती देशमा भएका विकासका उपलव्धीहरूलाई नेपालको सन्दर्भमा सामाजिक न्यायका आधारमा विकासका प्रतिफलहरूको न्यायोचित वितरणमा जोड दिएर गर्न सकिन्छ। र यो नेपालका राजनीतिक दलहरूकाबीचमा आम सहमति र सहकार्यद्धारा मात्र सम्भव छ। किनभने देशबाट गरीबी हटाउने र आम जनतामा विकासको प्रत्याभूति दिने भनेको एउटा दलको मात्रै प्रयासले सम्भव छैन् सबैको सामुहिक प्रतिवद्धताको त्यत्तिकै आवश्यक छ। विकासलाई प्रत्येक दलको भागवण्डा गर्ने र त्यसमा पनि अझ दलभित्रका विभिन्न समूह, उपसमूहको विषय वनाउने कामलाई तत्काल वन्दै गरी कम्तिमा पनि जिल्लास्तरमा राजनीतिक दलहरूबीचको सहकार्य र सहयात्रा अनिवार्य छ। र यसको लागि दलहरूमा सकारात्मक सोंच र विकास सम्वन्धी दृघकालिन रणनीतिको आवश्यकता छ। नेपालको समग्र विकासबारे पनि यो सत्य हो।

hukumsingh2012@yahoo.co

# युवाहरु महान् सांस्कृतिक क्रान्तिका महान् सेनानी हुन्



● हस्तबहादुर केसी ●

अध्यक्ष माओले युआन जूको मे पच्चीस नामक ठूलो पोस्टरलाई बीसौँ शताब्दीको साठीको दशकको चिनियाँ पेरिस कम्युन घोषणापत्र भन्नुभएको छ । त्यसको पेरिस कम्युनले भन्दा ठूलो महत्व राख्छ । यस्ता पोस्टरहरू लेख्न गाह्रो छ ।

(युवक सङ्घका धेरै कार्यकर्ताहरूले आफ्ना पिताहरूका बारेमा यस्ता पोस्टरहरू लेखेका छन् । त्यसमा उनीहरूले के कुरा उल्लेख गरेका छन् भने उनीहरूका पिताहरूले आफ्नो विगत भुले, उनीहरूसँग माओविचारधाराको बारेमा कुराकानी गरेनन् बरू स्कुलमा कति नम्बर ल्यायौ भनेर मात्र चासो राखे र राम्रो नम्बर ल्याएकोमा पुरस्कार दिए ।

अध्यक्ष माओले कामरेड चेन पोटालाई तपाईंहरूले बनाउनुभएको ठूला पोस्टरहरू साह्रै राम्ररी लेखिएका छन्, भन्ने सन्देश युवा सङ्घका साथीहरूसम्म पुऱ्याइदिन अनुरोध गरे । (त्यसपछि उहाँ बोल्न थाल्नुभयो)

म तपाईंहरू सबैलाई भन्छु : युवाहरू महान् साँस्कृतिक क्रान्तिका महान् सेनानीहरू हुन् । उनीहरूलाई पूर्ण रूपमा परिचालित गर्नुपर्छ ।

पेकिङ आइपुगेपछिम निकै बेखुसी र उदास भएँ । केही कलेजका ढोकाहरू बन्द गरिएका थिए । यहाँसम्म कि केहीले विद्यार्थी आन्दोलन दबाएका थिए विद्यार्थी आन्दोलन दबाउनेहरू को थिए ? ती हुन पेइयाङ भन्ने युद्धसरदार । विद्यार्थी आन्दोलनलाई यसरी थर्कमान गर्न खोज्नु गैरमार्क्सवादी चाला हो । केही मान्छेहरू दिनहुँजसो जननीत बारेमा कुरा गर्छन् तर काम गर्ने बेलामा बुर्जुवा नीति पछ्याउँछन् । युवक सङ्घको केन्द्रिय समिति विद्यार्थी आन्दोलनको पक्षमा उभिनुपर्नेमा त्यसको उल्टो विद्यार्थी आन्दोलन दबाउनेहरूको पक्षमा उभिन पुगेको छ ।को को महान् सांस्कृतिक क्रान्तिको विपक्षमा छन् ? अमेरिकी साम्राज्यवाद, सोभियत संशोधनवादीहरू, जापानी संशोधनवादीहरू र प्रतिक्रियावादीहरू ।

आफ्ना र पराई भनेर पक्षपात गर्नेहरूलाई छुटकारा दिनु भनेको क्रान्तिलाई रोक्न खोज्नु हो । टाँसिएका ती ठूला पोस्टरहरूलाई छोप्नु हो । यस्ता कुरा गर्न कसैलाई छुट छैन । यो आधारभूत रूपमै गलत छ । उनीहरूले तुरून्त आफ्नो दिशा बदल्नुपर्छ र थोत्रा विचारहरू धुलोपिठो पार्नुपर्छ ।

हामी जनतालाई विश्वास गर्छौं । जनताको गुरू बन्नु छ भने हामीले जनताको विद्यार्थी बन्न तयार हुनुपर्छ । अहिले चालु रहेको महान् साँस्कृतिक क्रान्ति आकाश धर्ती थर्काउने घटना हो । के हामी समाजवादसम्म पुग्न सक्छौं ? के हामीमा त्यो हिम्मत छ ? त्यसो गर्न सकियो भने मात्र हामीले वर्गलाई निर्णायक रूखमा सखाप पार्न सक्छौं र तीनखालका ठूला अन्तरहरू घटाउन सक्छौं ।

अधिनायकवादी बुर्जुवा विचार सखाप पार्नुछ । त्यसलाई सखाप नपारेसम्म न त समाजवाद स्थापना गर्न न त पहिलो सङ्घर्ष छिचोल्न सक्छौं । दोस्रो कुरा हो, आलोचना र तेस्रो हो, रूपान्तरण । कार्यलयमा बस्दै रिपोर्टहरू सुन्नु राम्रो कुरा होइन। जनतामा भर पर्नु, उनीहरूलाई विश्वासमालिनु र यो सङ्घर्षलाई किनारा लगाउनुको कुनै विकल्प छैन । फेरि क्रान्ति हाम्रैविरूद्ध खनिन सक्ने भएकाले त्यसका लागि पनि तम्तयार भएर बस्नुपर्छ । सिङ्गो पार्टी, सरकारमा नेतृत्व गरिहेकाहरू र पार्टीका जिम्मेवार कमरेडहरू त्यसका लागि तम्तयार भएर बस्नुपर्छ । क्रान्ति सम्पन्न गर्ने हो भने कुकुक्क खुम्चिने होइन, तपाईंहरूले आफैंलाई अनुशासित बनाउनुपर्छ, आफैलाई फेर्नुपर्छ । त्यसो भयो भने तपाईंहरूले आफूलाई दलदलबाट बाहिर निकाल्ने सक्नुहुन्न ।

यहाँ त्यस्ता थुप्रै कमरेडहरू हुनुहुन्छ जो अरूको विरूद्ध त चर्कोसँग लगिरहनुभएको छ तर आफैंसँग भने त्यसरी लड्न सकिरहनुभएको छैन । यहाँ तालले हो भने उहाँहरूले समाजवादमा प्रवेश गर्न वैतरणी नदी तर्न सक्नुहुने छैन ।

यहाँसम्म कि तपाईंहरूले आफ्नै जिउमा आगो लगाउन तयार हुनुपर्छ । दनदन बलिरहेको आगोको ज्वालामा आफूलाई होम्न तयार हुनुपर्छ । तपाईंहरूमा यसो गर्न हिम्मत छ ? किनकि त्यसले त तपाईंको दिमाग खानेछ ।

(बीचैमा एकजना कमरेडले भन्नुभयोः हो, हामी तयार छौं। त्यसो गर्न सकेनौं भने हामी आफ्नो जिम्मेवारीबाट राजीनामा दिनेछौं । हामी कम्युनिष्ट पार्टीको सदस्य भएर बाँच्न तयार छौं र कम्युनिष्ट पार्टीकै सदस्य भएर मर्न तयार छैन । आरामदायीसोफा र विद्युतीय पङ्खाको हावा खाएर बस्ने हाम्रो कुनै सोखछैन ।त्यसपछि अध्यक्ष माओले फेरि बोल्न थाल्नुभयो ।)

जनतासँग हामीले त्यस्ता कठोर बारहरू राख्नुहुँदैन । तर जब पेकिङ विश्वविद्यालयका विद्यार्थीहरू चलमलाउन खोजे तब उनीहरूलाई यस्तैबार बनाएर छेक्न खोजियो । उनीहरूले त्यसलाई नरम भाषामा दक्षिणपन्थतर्फको यात्रा भने । वास्तवमा त्यो दक्षिणपन्थतर्फ यात्राभाषामा दक्षिणपन्थतर्फको यात्रा थियो ।

त्यस्ता केही विद्यालयहरू पनि छन् जसले विद्यार्थीहरूलाई क्रान्तिकारीको बिल्ला भिराइदिएका छन् । -लिआइसन- प्रमुख चाङ येनले त्यहाँ २९ जनालाई प्रतिक्रान्तिकारी भएको घोषणा गरिदिए ।त्यसपछि अध्यक्ष माओ पुनः बोल्न थाले ।)

यसरी तपाईंहरू जनतालाई अर्को किनारामा धकेल्नुहुन्छ । खराबै भए पनि त्यस्ता जनतालाई तर्साइहाल्नु हुँदैन। कति नै होलान् र त्यस्ता मान्छे? अत्याधिक बहुसङ्ख्यक विद्यार्थीहरू त राम्रा छन् ।

कसैले बीचैमा प्रश्न सोध्यो - त्यस्ताहरूलाई कानुनी कारवाही गर्न के गर्ने त? (त्यसपछि अध्यक्ष माओले भन्नुभयो )

किन डराउनुहुन्छ ? जब खराब मान्छेहरू आउनेछन् तब उनीहरूलाई तपाईं अँठ्याउन सकिहाल्नुहुन्छ । तपाईंहरू असल मान्छेहरूसँग डराउन के जरूरी छ र ? तपाईंहरूले डर भन्ने शब्दलाई साहस शब्दले सट्टापट्टा गर्नु पऱ्यो । तपाईंहरूले एकचोटी मात्रै होइन, बारम्बार देशलाई समाजवादमा प्रवेश गराउन बल गर्नुपर्छ । राजनीतिलाई कमान्डमा राख्नुहोस्, जनताका बीचमा जानुहोस्, उनीहरूसँग घुलमिल गर्नुहोस्, र महान् सांस्कृतिक क्रान्तिलाई अझ राम्ररी हाँक्नुहोस् ।

*(हस्तबहादुर केसीद्वारा संकलित तथा सम्पादित पुस्तक 'माओ त्सेतुङका प्रमुख लेखहरू' बाट)*

## अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) को प्रथम कर्णाली प्रदेशको भेला वीरेन्द्रनगर सुर्खेतमा सम्पन्न



❑ **दिपक शाही**

सूर्खेत । अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) को प्रथम कर्णाली प्रदेशको भेला विरेन्द्र नगर सुर्खेतमा सम्पन्न भएको छ ।

उक्त भेलामा महासंघका अध्यक्ष तथा नेकपा(क्रान्तिकारी माओवादी )का पोलिट व्युरो सदस्य सिताराम तामाङ्गको प्रमुख आतिथ्यमा र विषेश अतिथि महासंघका महासचिव तथा पार्टीका पोलिट व्युरो सदस्य धनेश्वर पोखेल अतिथि पर्टीका केन्द्रीय सदस्य तथा देजमो नेपालका प्रदेश अध्यक्ष दिपकबहादुर शाही र सभाको अध्यक्षता महासंघका कर्णाली प्रदेश संयोजक वमबहादुर शाहीले गर्नु भएको थियो । सभाको संचालन पार्टी प्रदेश समिति सदस्य मदन शाहीले गर्नु भएको थियो ।

शुभकामना मन्तव्य दिदै प्रमुख अतिथिले नेपाल विस्तारवादीहरू र साम्राज्यवादीहरूको चङ्गुलमा फसि सकेको छ, यसवाट मुक्त गर्न आम जनतालाई गोलबन्द गरि समग्र आन्दोलन वा जनविद्रोह गर्नु पर्ने र मुक्तिकामी जनताको व्यवस्था जनवादी हो, अब यो व्यवस्थाको विकल्प छैन, भन्नू भयो । एम सि सि , लिपुलेख, लिम्पियाधुरा, कालापानी आज र हिजो सत्तामा हुनेहरूले राष्ट्रियघात गरेका हुन । आज जनतालाई झुठो राष्ट्रवादि ढोंग छरि रहेका छन । यिनिहरूले भ्रमको राजनिती गरेका छन भन्नू भयो ।

संगठनात्मक पक्षका वारेमा महासंघका महासचिव धनेश्वर पोखेलले आफ्ना भनाई राख्नु भयो । सो भेलामा आफ्नो शुभकामना मन्तव्य पार्टीका केन्द्रीय सदस्य दिपकबहादुर शाही र देजमो सुर्खेत जिल्ला अध्यक्ष पुर्ण पौडेल, अनेरास्ववियु (क्रान्तिकारी) का केन्द्रीय सदस्य हिमाल रसाइलीले आ-आफनो मन्तव्य दिनु भएको थियो ।

उक्त भेलाले बमबहादुर शाहीको अध्यक्षतामा महासंघको ११ सदस्यीय कर्णाली प्रदेश आयोजक समिति गठन गरेको छ

### कैलालीमा...

राजु यादवको अध्यक्षता र पुष्कर जोशीको सञ्चालनमा सम्पन्न सम्मेलनमा नेकपा (क्रान्तिकारी माओवादी)का जिल्ला सेक्रेटररुद्र कडेल सार्थक, अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)का प्रदेश संयोजक टंक कोइराला, थारुवान राष्ट्रिय मुक्ति मोर्चाका केस विन्तिराम चौधरी, अनेकि महासंघ (क्रान्तिकारी)का जिल्ला संयोजक राम भाट, अखिल (क्रान्तिकारी)का प्रदेश संयोजक पुष्करराज जोशी लगायतका नेताहरू अतिथिको रूपमा सम्मेलनमा उपस्थित हुनुहुन्थ्यो ।

आइतबार सम्पन्न भएको सम्मेलन कैलाली उपमहानगरपालिकाको बुद्धचोकमा आयोजना गरिएको थियो ।

## मङ्सिर २४ गते विरोध प्रदर्शनमा सहभागी हुन आव्हान

**राष्ट्रघाती एम.सी.सी. पारित गर्ने षड्यन्त्रविरुद्ध**
**मङ्सिर २४ गते हुने सशक्त विरोध प्रदर्शनमा सहभागी बनौं !**

यही मङ्सिर १६ गते देउवा नेतृत्वको गठबन्धन सरकारको सिफारिसमा राष्ट्रपतिद्वारा मङ्सिर २८ गते संसदको अधिवेशन बोलाइएको छ । अमेरिकी उपविदेशमन्त्रीद्वारा एम.सी.सी. पारित गर्नका लागि तोकिएको समयसीमाभित्र बोलाइएको अधिवेशन त्यसै प्रयोजनका लागि हो भन्ने स्पष्ट छ । यदि यो एम.सी.सी. सम्झौता पारित भयो भने नेपालले आफ्नो स्वाधीनता गुमाउनुपर्ने र हाम्रो देश विदेशी शक्तिहरुको क्रिडास्थल बन्ने कुरा जगजाहेर नै छ । यस प्रकारको स्थिति सिर्जना हुन नदिनका लागि हामीले राष्ट्रघाती एम.सी.सी. सम्झौता खारेजीका लागि सङ्घर्ष गर्दै आएका छौं । उक्त सम्झौता संसदमा पेस हुन र पारित हुन नदिनका लागि दबाव सिर्जना गर्न आगामी मङ्सिर २४ गते सशक्त विरोध प्रदर्शन कार्यक्रमको आयोजना गरेका छौं । यस कार्यक्रममा सहभागी हुन हामी सबै देशभक्त नेपालीहरुलाई जोडदार आह्वान गर्दछौं ।

**विरोध प्रदर्शन कार्यक्रमः**

**मिति :** २०७८ मङ्सिर २४ गते

**समय :** दिनको १२.३० बजे

**स्थान :** माइतीघर मण्डलाबाट संसद् भवन ।

**एम.सी.सी. सम्झौता खारेजी आन्दोलनमा आबद्ध राजनीतिक दल/सङ्गठनहरु :**

१. नेकपा (क्रान्तिकारी माओवादी) २.नेकपा (माले) ३. नेपाल कम्युनिस्ट पार्टी ४. नेपालका लागि नेपाली ५. उन्नत लोकतन्त्र पार्टी ६. नेपाल कम्युनिस्ट पार्टी ७. देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल ८. नेकपा (माओवादी केन्द्र समाजवादी) ९. नेकपा (माओवादी मोर्चा) १०. राष्ट्रिय जागरण मञ्च ११. जनसमाजवादी पार्टी १२. नेकपा (संयुक्त) १३. वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी १४. नेकपा (बोल्शेविक) १५. एम.सी.सी. खारेज अभियान १६. पुष्पलाल अध्ययन समाज १७. स्वतन्त्र राष्ट्रिय अभियान १८. नेकपा मार्क्सवादी (पुष्पलाल) १९. राष्ट्रिय जागरण अभियान २०. नेकपा (जनवादी) २१. सर्वहारा कम्युनिस्ट पार्टी (माओवादी) २२. मार्क्सवादी एकता अभियान २३. नेकपा (मार्क्सवादी) २४. राष्ट्रिय समाजवादी मञ्च, नेपाल २५. राष्ट्रिय जागरण परिषद् नेपाल २६. समाजवादी ज्ञान केन्द्र

सी.पी. गजुरेल
(२६ राजनीतिक दल/सङ्गठनको कार्यगत एकताका तर्फबाट)

२०७८।०८।१७ गते

# कांग्रेस-कम्युनिस्ट बद्नाम बनाउने चर्चित काण्डहरू- २

❑ उज्वल प्रकाश

*भ्रष्टाचारले बदनाम कांग्रेसको राजनीति*

पछिल्लो समय नेपालमा राजनीति र भ्रष्टाचार एकअर्काका परिपूरक जस्तै भएका छन् । भ्रष्टाचार गर्नकै लागि राजनीति गर्ने र उच्च ओहदामा पुगेपछि सम्पत्ति कमाउने होडबाजी जस्तै देखिएको छ । यो होडबाजीमा धेरै नेता कार्यकर्ता सामेल भए पनि काँग्रेसका चारजना नेताहरू खुमबहादुर खड्का, गोविन्दराज जोशी, चिरञ्जीवी वाग्ले र जेपी गुप्ता भ्रष्टाचारी ठहर नै भइसकेका छन् । त्यस्तै सुडान घोटला काण्ड, लाउडा, चेज र धमिजालगायतका काण्डहरू नेपालका चर्चित भ्रष्टाचार काण्ड भनेर चिनिएका छन् ।

*भ्रष्टाचारका कारण राजनीतिक जीवन समाप्त भएका नेताहरू*

*१. खुमबहादुर खड्का*

तत्कालीन काँग्रेस नेता खुमबहादुर खड्कालाई सर्वोच्च अदालतले ३० साउन ०६९ मा भ्रष्टाचारी ठहर गर्दै डेढ वर्ष कैद र ९४ लाख ७४ हजार १ सय २२ रुपैयाँ बिगो र त्यति नै जरिवाना गर्ने फैसला सुनायो ।

पदको दुरूपयोग गरी अकुत सम्पत्ति कमाएको भन्दै सर्वोच्चका तत्कालीन न्यायाधीशहरू कल्याण श्रेष्ठ र वैद्यनाथ उपाध्यायको इजलासले खड्कालाई दोषी ठहर गरेको थियो । त्यसपछि जेल सजाय भोगेका खड्का जेलमुक्त हुँदा उनका कार्यकर्ताले भव्य स्वागतसहित र्‍याली निकालेर नगर परिक्रमा नै गराएका थिए । तर पछिल्लो राजनीतिक दलसम्बन्धी कानुनअनुसार खड्का काँग्रेसको पार्टी साधारण सदस्यसमेत बन्नबाट रोकिएका थिए । पटक पटक मन्त्री र सांसद बनेका खड्का भ्रष्टाचारको मुद्दा खेपेपछि काँग्रेसको सक्रिय राजनीतिबाट पछि हट्दै बरु नेपाललाई हिन्दु राष्ट्र घोषणा गर्नुपर्छ भन्ने अभियानमा सक्रिय थिए । यही क्रममा बिरामी परेका खड्काको २०७४ चैत १५ गते ६६ वर्षको उमेरमा निधन भएको थियो ।

*२. जयप्रकाशप्रसाद गुप्ता*

भ्रष्टाचारमा सजाय पाएर सार्वजनिक राजनीतिक जीवन समाप्त भएका अर्का नेता हुन् : जेपी गुप्ता । काँग्रेसका पूर्वनेता तथा हाल तराई मधेस राष्ट्रिय अभियानका संयोजक (जेपी) जयप्रकाशप्रसाद गुप्ता पनि अब कुनै पनि राजनीतिक दलको सदस्यसम्म बन्न अयोग्य भएका छन् । ९ फागुन ०६८ मा सर्वोच्च अदालतले सञ्चारमन्त्री रहेका बेला गुप्तालाई अकुत सम्पत्ति कमाएको अभियोगमा दोषी ठहर गरेको थियो । अकुत सम्पत्ति कमाएको ठहरसहित सर्वोच्चका तत्कालीन न्यायाधीशद्वय तर्कराज भट्ट र सुशीला कार्कीको संयुक्त इजलासले डेढ वर्ष कैद र ८४ लाख रुपैयाँ जरिवानाको फैसला सुनाएको थियो ।

*३. चिरञ्जीवी वाग्ले*

काँग्रेस नेता चिरञ्जीवी वाग्लेलाई पनि २०६७ सालमा सर्वोच्च अदालतले अकुत सम्पत्ति मुद्दामा दोषी ठहर गरेको थियो । सर्वोच्चका तत्कालीन प्रधानन्यायाधीश रामप्रसाद श्रेष्ठ र वरिष्ठ न्यायाधीश खिलराज रेग्मीको संयुक्त इजलासले दुई करोड तीन लाख रुपैयाँ जरिवाना र १८ महिना जेल सजायको फैसला सुनायो । फैसलाअनुसार वाग्लेले सजाय भुक्तान गरिसकेका छन् । हाल उनी सक्रिय राजनीतिबाट टाढै छन् ।

*४. गोविन्दराज जोशी*

भ्रष्टाचार काण्डमा परेका अर्का नेता हुन् गोविन्दराज जोशी । २०६९ साउन साउन १० गते विशेष अदालतले पूर्वमन्त्री तथा काँग्रेस नेता जोशीलाई भ्रष्टाचारी ठहर गर्दै डेढ वर्ष जेल सजाय सुनायो । तत्कालीन विशेष अदालतका अध्यक्ष न्यायाधीश गौरीबहादुर कार्की तथा सदस्य न्यायाधीशद्वय ओमप्रकाश मिश्र र केदारप्रसाद चालिसेको संयुक्त इजलासले जोशीलाई २ करोड १६ लाख १४ हजार रुपैयाँ बिगो र बिगोबराबरको जरिवाना सुनाएको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम १ वर्ष र सार्वजनिक पद धारणसमेत गरेकाले उनलाई सोही ऐनको दफा २४ बमोजिम थप ६ महिना गरी डेढ वर्ष जेल सजायको फैसला भएको थियो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रु. ३ करोड ९३ लाख ६२ हजार बराबरको सम्पत्ति गैरकानुनी आर्जन गरेको भनी जोशीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो । २०४८ सालदेखि २०५९ जेठको पहिलो सातासम्म जोशीको आय र सम्पत्तिको जाँच गर्दा उनको वैध आय जम्मा ५१ लाख ९४ हजार रुपैयाँ हुनुपर्नेमा २ करोड ६८ लाख ८ हजार रुपैयाँ देखिएको अनुसन्धाले देखाएको थियो ।

जोशीको मुद्दालाई विशेषले भ्रष्टाचार निवारण ऐन, २०४८ बमोजिम पदबाट बाहिरिएको एक वर्षभित्रै मुद्दा दायर गर्नुपर्नेमा अवधि नघाएर दायर गरेको कारण देखाउँदै खारेज गरेको थियो । विशेषको सो निर्णयविरुद्ध अख्तियारले २०६३ मङ्सिरमा पुनः सर्वोच्चमा पुनरावेदन गरेको थियो । त्यही मुद्दा अहिलेसम्म किनारा लाग्न सकेको छैन । यद्यपि उनी पनि सक्रिय राजनीतिबाट टाढै छन् ।

तीन पटक गृहमन्त्री भइसकेका जोशी पहिलो पटक २०४८ साल वैशाखमा तनहुँ क्षेत्र नं. २ बाट सांसद बनेका थिए । त्यसपछिका वर्षहरूमा उनी दुई पटक तनहुँ क्षेत्र नं. १ बाट संसदमा चुनिएका थिए । शिक्षा, समाज कल्याण, जलस्रोत र स्थानीय विकास मन्त्रालयसमेत सम्हालिसकेका जोशी २०२४ सालदेखि २०३४ सालसम्म विद्यालय शिक्षकका रूपमा कार्यरत थिए ।

**इतिहासका चर्चित भ्रष्टाचार काण्डहरु**

*१. लाउडा काण्ड*

२०५७ सालमा तत्कालीन शाही नेपाल वायु सेवा निगमसँग आफ्नै दुईवटा जहाज रहेका थिए । त्यहिबेला चाइना साउथवेस्टसँग सम्झौता भइसकेकाले तत्काल आवश्यक नभएको चौथो विमान भाडामा लिन अस्ट्रियाको लाउडा एअरसँग सम्झौता भयो । जुन लाउडा काण्डका नामबाट चर्चित छ । यो काण्ड चर्किएर संसदको तत्कालीन अधिवेशन पूरै अवरुद्धसमेत भएको थियो । चर्चित लाउडा प्रकरणले नेपाल वायुसेवा निगमलाई दुई अर्ब रुपैयाँको नोक्सान गरेको निष्कर्ष निकालिएको थियो । यो काण्डमा काँग्रेसका तत्कालीन सभापति तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला मुछिएका थिए ।

*२. धमिजा काण्ड*

२०५० सालमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले वायुसेवा निगमको कामकारवाहीमा हस्तक्षेप गरे । निगमले विमान किन्ने तयारी गरेको थियो । यसमा गिरिजाप्रसाद कोइरालाले भारतीय मूलका तर बेलायती व्यापारी दिनेश धमिजालाई आफ्नो व्यक्तिगत मनोमानीको आधारमा निगमको युरोपका लागि मुख्य एजेन्ट बनाए । जुन 'धमिजा काण्ड'को नामले चर्चित छ । यो प्रकरणमा नेपाली वायुसेवा निगमले ३९ करोड ५५ लाख रुपैयाँ घाटा व्यहोरेको थियो ।

*३. चेज एयर काण्ड*

यो काण्ड पनि वायुसेवा निगमसँगै सम्बन्धित छ । २०५५ सालमा गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा नेकपा (माले) का यामलाल कँडेल पर्यटनमन्त्री थिए । उनै यमलाल कँडेलले आफ्नो पार्टीका महासचिव बामदेव गौतम निकट हङकङ रानामगरलाई नेपाल वायुसेवा निगम अध्यक्ष बनाए । त्यसपछि जहाज र कार्यालयसमेत नभएको 'चेज एअर' नामको कम्पनीबाट बोइङ-७५७ भाडामा ल्याउने सम्झौता गरियो ।

नाम मात्रको सो कम्पनीका सिसिल विन्टर्ससँग सम्झौता गरिएको त्यो प्रकरणबाट निगमले ९ लाख अमेरिकी डलरभन्दा बढी नोक्सानी व्यहोर्नु परेको थियो ।

*४. चाइना साउथवेस्ट काण्ड*

२०५५ सालमा काँग्रेस-एमालेको संयुक्त सरकारले बी.के. मान सिंहलाई नेपाल वायुसेवा निगमको कार्यकारी अध्यक्ष बनाएपछि बिनाटेन्डर चाइना साउथवेस्ट एअरलाइन्ससँग सम्झौता गरियो । एमाले नेता भीम रावल पर्यटनमन्त्री हुँदाको यो प्रकरणमा वायुसेवा निगमले २२ करोड रुपैयाँको नोक्सानी व्यहोरेको थियो । नेपाली राजनीतिमा यो काण्ड निकै चर्चित रह्यो ।

*५. एयरबस काण्ड*

२०६६ सालमा नेपाल वायुसेवा निगमलाई डुबाउने ठूलो प्रयास भयो । एउटा न्यारोबडी र अर्को वाइडबडी एयरबस विमान खरिदका लागि कार्यकारी अध्यक्ष सुगतरत्न कंसाकारले सञ्चालक समितिको निर्णय र आवश्यक रकमको व्यवस्था नहुँदै बैना पठाउनुलाई भ्रष्टाचार भन्दै निगमका तत्कालीन कार्यकारी अध्यक्ष कंसाकार, नायव महाप्रबन्धकद्वय राजकुमार केसी र गणेश ठाकुर विरुद्ध अदालतमा मुद्दा पर्‍यो ।

मुद्दा प्रक्रियामा रहँदै एयरबसले २८ माघ २०६७ मा बैनाफिर्ता गरेको कारण थुनामा रहेका अभियुक्तहरूले सफाइ पाएको यो काण्डमा माओवादी पार्टीका शीर्ष नेताहरूकै संलग्नतामा रहेको चर्चा पनि चलेको थियो ।

**सामसुम पारिएका भ्रष्टाचार काण्डहरु**

*५५ करोड रुपैयाँ अनियमितताको चमेलिया प्रकरण*

सार्वजनिक लेखा समितिले २०७१ मंसिर १७ गते चमेलिया जलविद्युत् आयोजना निर्माणमा अनियमितता भएको निष्कर्षसहित छानबिन र अनुसन्धान गर्न अख्तियारलाई निर्देशन दिएको थियो । त्यतिबेला सभासद राजेन्द्र केसीको संयोजकत्वमा बनेको छानबिन उपसमितिले करिब ५५ करोड रुपैयाँ अनियमितता भएको निष्कर्ष निकालेको थियो ।

उपसमितिका अनुसार ३ लाख लाग्ने काममा ४ लाख ६९ हजार खर्च भएको थियो । सुरुङको ढलानमा प्रतिघनमिटर १४ हजार एक सय लागेकामा ४१ हजार ५ सय खर्च देखाइएको थियो । त्यतिबेला ऊर्जामन्त्री राधाकुमारी ज्ञवालीको अध्यक्षतामा बसेको सञ्चालक समितिको बैठकले १ अर्ब ९ करोड ३८ लाख रुपैयाँको 'भेरिएसन' स्वीकृत गरेको थियो । चमेलियासम्म जाने बाटो प्राधिकरणको खर्चमा बनेको थियो । त्यसको वरपर अरू आयोजनाले अनुमति पाएका थिए । त्यो नीतिगत भ्रष्टाचार थियो । अख्तियार स्रोतले भन्यो, 'राजनीतिक पात्रहरू जोडिएको यो विषयमा मुद्दा नै चलेन, त्यत्तिकै सामसुम पारियो ।'

*तारागाउँ विकास समिति*

नेपालमा पर्यटन क्षेत्रको विकास गर्न पञ्चायतकालमा खोलिएको तारागाउँ विकास समितिले बौद्धमा अन्तर्राष्ट्रिय ब्रान्ड हायातका नाममा तारागाउँ रिजेन्सी होटल सञ्चालन गरिरहेको छ । सरकारी ३० प्रतिशत सेयर रहेको तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको सेयर सञ्चालकहरूको मिलेमतोमा ३० प्रतिशतबाट झारेर करिब ९ प्रतिशतमा सीमित गरिएको छ । एक सय रोपनीभन्दा बढीको सरकारी जग्गा कम्पनीका नाममा कानुनविपरीत बिक्री भएको छ ।

यही अनियमितता छानबिन गर्न २०७५ मंसिरमा संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध समितिले सांसद अग्नि सापकोटाको नेतृत्वमा उपसमिति बनायो । उपसमितिले प्रतिवेदनमा तारागाउँ विकास समितिका नामको जग्गा विभिन्न बहानामा व्यापारी समूहले कब्जा जमाएको निष्कर्ष निकालेको थियो । १५ करोड जग्गा र भवनलगायतमा २ करोड रुपैयाँ गरी कुल १७ करोड रुपैयाँ लगानी रहेकामा आर्थिक वर्ष ०७२/७३ सालसम्म तारागाउँ विकास समितिले कुनै प्रतिफल प्राप्त गर्न सकेको थिएन । यो खेलमा तारागाउँ विकास समितिका विभिन्न कार्यकालका पदाधिकारीका साथै राधेश्याम सर्राफ र दिनेशलाल श्रेष्ठ समूहको मिलेमतो रहेको भनी प्रतिवेदनमा औंल्याइएको थियो ।

तारागाउँ विकास समितिको नाममा रहेको ३ सय ४ रोपनीमध्ये १ सय ५० रोपनी जग्गाको लालपुर्जा हाल तारागाउँ रिजेन्सी होटल्स लिमिटेडका नाममा छ । यो अनियमितताको अख्तियारले अनुसन्धान गरी छानबिनसमेत गरेको थियो । तारागाउँका सञ्चालकहरूले होटलको बाँकी सेयरसमेत हत्याउन अनेक उपाय गरिरहेको कागजात अख्तियारमा पुगेको थियो । उनीहरूले होटल रङरोगनका नाममा १८ करोड रुपैयाँ खर्च देखाएका छन् । यस्ता अस्वाभाविक खर्चमा कानुन मन्त्रालयबाट प्रतिनिधित्व गरेका तत्कालीन सहसचिवहरू रञ्जनकृष्ण अर्याल, साधुराम सापकोटालगायतले हस्ताक्षर गरेका थिए । 'छानबिन र कारबाही हुने भएपछि व्यापारिक समूहले प्रधानमन्त्री केपी शर्मा ओलीलाई बारम्बार भेटेर त्यसलाई रोके,' अख्तियार स्रोतले भन्यो, 'बालुवाटारको रुचिअनुसार यहाँबाट पनि मुद्दा चलेन, फाइल तामेलीमा गयो ।'

बाँकी ५ पेजमा

# त्रिविमा कार्यरत ४८० प्राध्यापकलाई प्रधानमन्त्रीको ठाडो आदेशमा स्थायी गर्ने निर्णयको विरोधमा अखिल क्रान्तिकारीको वक्तव्य



काठमाडौं । यही मंसिर १४गते बसेको त्रिवि सभाको बैठकले करारमा कार्यरत ४८० प्राध्यापकलाई आन्तरिक प्रतिस्पर्धाको नाममा त्रिविका कुलपति समेत रहेका नेपाल सरकारका प्रधानमन्त्री शेरबहादुर देउवाको ठाडो आदेशमा स्थायी गर्ने निर्णय गरिएको भन्दै नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारीले घोर विरोध गरेको छ । संगठनका अध्यक्ष हरिकृष्ण गजुरेलले एक वक्तव्य जारी गरी विरोध गर्नुभएको हो ।

वक्तव्यमा त्रिविमा करिब दुई हजार दैनिक ज्यालादारीमा कार्यरत प्राध्यापकहरूलाई उमेरको हदसमेत नलाग्ने गरी सेवा प्रवेशमा मौका दिने निर्णयलाई अविलम्ब खारेज गर्न समेत जोडदार माग गरेको छ । वक्तव्यमा अन्यथा सशक्त संघर्षमा उत्रन बाध्य हुने भन्दै चेतावनी समेत दिइएको छ ।

'सम्पूर्ण वामपन्थी, प्रगतिशील, देशभक्त र जनतान्त्रिक विद्यार्थीहरू एकजुट होऔं !'

**अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी)**

**All Nepal National Independent Student's Union (Revolutionary)**

केन्द्रीय समिति (Central Committee)

प.सं.
च.नं.

मिति : २०७८/०८/१६

**प्रेस विज्ञप्ति**

यही मङ्सिर १४ गते बसेको त्रिभुवन विश्वविद्यालय सभाको बैठकले करारमा कार्यरत ४८० प्राध्यापकलाई आन्तरिक प्रतिस्पर्धाको नाममा नेपाल सरकारका प्रधानमन्त्री एवम् कुलपति शेरबहादुर देउवाको ठाडो आदेशमा स्थायी गर्ने निर्णय गरिएकोमा हाम्रो सङ्गठन उक्त निर्णयप्रति घोर विरोध एवम् निन्दा गर्दछ । त्यसैगरी, त्रिभुवन विश्वविद्यालयमा करिब दुई हजार दैनिक ज्यालादारी (पार्टटाइम) मा कार्यरत प्राध्यापकहरुलाई उमेरको हदसमेत नलाग्ने गरी सेवा प्रवेशमा मोका दिने निर्णयलाई अविलम्ब खारेज गर्न आग्रह गर्दछौं । उक्त दुवै निर्णय अविलम्ब खारेज गरी खुला एवम् स्वस्थ प्रतिस्पर्धाका आधारमा सेवा आयोगमार्फत् प्राध्यापक नियुक्तिको व्यवस्था गर्नसमेत नेपाल सरकार र त्रिभुवन विश्वविद्यालयसँग जोडदार माग गर्दछौं । अन्यथा, नेपाल सरकार र त्रिवि कार्यकारी परिषद्ले विश्वविद्यालयको गरिमामा आँच ल्याउने गरी आफ्ना आसेपासे, नातागोता र राजनीतिक भागवण्डाका आधारमा दैनिक ज्यालादारी (पार्टटाइम)मा राख्ने र करार गर्दै स्थायी गर्ने तर, खुला एवम् स्वस्थ प्रतिस्पर्धालाई बञ्चित गर्ने कार्यविरुद्ध हाम्रो सङ्गठन सशक्त सङ्घर्षमा उत्रन बाध्य हुने चेतावनीसहित विद्यार्थी, अभिभावक, प्राध्यापक, शिक्षक, मजदुर, किसान, युवालगायत आम जनसमुदायलाई हार्दिक अपिल गर्दछौं ।

क्रान्तिकारी अभिवादनसहित !

हरिकृष्ण गजुरेल
अध्यक्ष

# क्रान्तिकारी पत्रकार महासंघको विशेष राष्ट्रिय भेला पश्चिम नवलपरासीमा



❑ पुष्पा गिरी/बाबुराम गिरी

नवलपरासी पश्चिम । क्रान्तिकारी पत्रकार महासंघको विशेष राष्ट्रिय भेला पश्चिम नवलपरासीको बर्दघाटमा हुने भएको छ । राष्ट्रिय सम्मेलनको तयारीको रूपमा यही पौष ४ गते पश्चिम नवलपरासीको बर्दघाटमा 'बिशेष राष्ट्रिय भेला' हुने महासंघका प्रदेश संयोजक रवि पाण्डेयले जानकारी दिनुभयो ।

क्रान्तिकारी पत्रकार महासंघ लुम्बिनी प्रदेश समितिले शनिवार बर्दघाटमा पत्रकार भेटघाट कार्यक्रम गरी उक्त जानकारी दिएको हो ।

पत्रकार भेटघाटमार्फत महासंघको प्रदेश सचिवालयको बिस्तारित बैठकको निर्णयहरू सार्वजनिक गरिएको थियो । सो क्रममा प्रदेश संयोजक रवि पाण्डेयद्वारा हस्ताक्षरित प्रेस बक्तब्य बितरण गरिएको थियो ।

बक्तब्यमा नेपालमा विदेशी लगानीका सञ्चारमाध्यममाथि प्रतिबन्ध लगाउन माग गरिएको छ । 'मिडियामा बढ्दो बैदेशिक र अपारदर्शी लगानीले नेपालको स्वाधीनता र सार्वभौमिकतामाथि नै खतरा उत्पन्न गर्ने ठहर गर्दै बैठकले यसको विरोधमा सशक्त आवाज उठाउने निर्णय गरेको छ ।' -उल्लेख गरिएको छ ।

कार्यक्रममा क्रान्तिकारी पत्रकार महासंघका महासचिव रामकुमार श्रेष्ठले फागुनमा हुने राष्ट्रिय सम्मेलनलाई ध्यान दिएर राष्ट्रिय भेला आयोजना गरिएको जानकारी दिनुभयो ।

भेलामा ५५ जिल्लाका १ सय ५० जना प्रतिनिधि तथा पर्यबेक्षक सहभागी हुने श्रेष्ठले बताउनुभयो ।


भेलाको उद्धाटन क्रान्तिकारी माओबादीका महासचिव मोहन बैद्य किरणले गर्ने उहाँले जानकारी दिनुभयो ।

पत्रकार भेटघाटमा नेकपा (क्रान्तिकारी माओबादी) पोलिट्ब्युरो सदस्य तथा लुम्बिनी प्रदेश ईन्चार्ज प्रेम सुवेदीले राष्ट्रियता जनतन्त्र र जनजिविकाको पक्षमा पत्रकारहरूले कलम चलाउनुपर्ने बताउनुभयो । उहाँले बैदेशिक हस्तक्षेप बढेर गएको बर्तमान अवस्थामा राष्ट्रिय स्वाधीनताको पक्षमा पत्रकारहरूले मिसन पत्रकारिता गर्नुपर्नेमा जोड दिनुभयो ।

महासंघका प्रदेश संयोजक रवि पाण्डेको अध्यक्षता, संगठनका महासचिव रामकुमार श्रेष्ठको प्रमुख आतिथ्यता, क्रान्तिकारी माओवादीका पोलिटब्यूरो सदस्य प्रेम सुबेदीको बिशेष आतिथ्यतामा भएको कार्यक्रमको संचालन महासंघका केन्द्रिय सदस्य दामोदर खनालले गर्नुभएको थियो ।

त्यस्तै प्रदेश सचिवालयको विस्तारित बैठकले प्रदेशका १२ वटै जिल्लामा भेला तथा प्रतिनिधि पर्यवेक्षक छनौटलाई तीव्रता दिनेलगायतका निर्णय समेत गरेको खनालले जानकारी दिनुभयो ।

# नेपालको प्रधान अन्तर्विरोध र नेपाली क्रान्तिको दिशा : एक छलफल



● नारायण शर्मा ●

अहिलेको विश्वमा प्रधान अन्तर्राष्ट्रिय अन्तर्विरोध वैदेशिक प्रतिक्रियावाद अर्थात् साम्राज्यवाद र उत्पीडित राष्ट्र अर्थात् गरीब तथा पिछडिएका राष्ट्रहरू बिचको अन्तर्विरोध हो भन्ने मान्ने नेपाली कम्युनिस्ट क्रान्तिकारीहरूले राष्ट्रिय अन्तरविरोध कुन-कुन शक्तिका बिच छ भन्नु ठिक होला ? अथवा यसो भनौं : अहिलेको नेपाली क्रान्तिको कार्यदिशा के होला ? आज साम्राज्यवाद मुख्यतः अमेरिकी साम्राज्यवादको एकछत्र जस्तै हुकुम-हैकम र हस्तक्षेप सामान्यतया नेपाल जस्ता तेस्रो विश्वका सबैजसो मुलुकहरूमा भैरहेकोले स्वतः स्वाभाविक र अनिवार्य रूपले प्रधान राष्ट्रिय अन्तर्विरोध पनि साम्राज्यवादसँग नै छ वा हुनुपर्छ भन्ने देखिन्छ। विश्वमा साम्राज्यवादका विविध स्वरूपहरू छन् । ती मध्ये विस्तारवाद पनि एक हो ! दक्षिण एसियामा त्यसमध्ये पनि हाम्रो देश नेपालमा भारतीय विस्तारवादको शोषण-दमन र हस्तक्षेप विगत लामो समयदेखि रहँदै आएको छ। अझ यो परम्परागत हस्तक्षेप दिन प्रतिदिन बढ्दै पछिल्लो चरणमा बहुआयामिक रूपमा पेचिलो र कसिलो पनि हुँदै आएको छ। सन् १८१६ को सुगौली सन्धिपछि सुरु भएको बृटिश-भारतीय अतिक्रमण र औपनिवेशिकरणको यो प्रकृया आजको मुक्ति, स्वाधीनता र स्वतन्त्रताको आधुनिक युगसम्म आइपुग्दा त झन् भौगोलिक, राजनीतिक, आर्थिक, भाषिक, धार्मिक, सांस्कृतिक, जनसाङ्ख्यिक र सामरिक रूपका विविध हस्तक्षेपका आयामहरू मार्फत् बरकरार रहेको मात्र होइन, झन् झन् हाकाहाकी, तीव्र, पेचिलो, कसिलो, जटिल र गम्भीर रूपमा बढिरहेको छ। फलस्वरूप राणा कालमा सुरु भएको बृटिश साम्राज्यवादप्रतिको नेपाली शासकवर्गले गर्दै आएको भक्ति, दलाली, चाकरी र वफादारीको प्रकृया पनि आजसम्म आउँदा त प्रभुकरण र आत्मसमर्पणको स्वरूपमा विकसित भएको छ।

आज देशमा २००७, २०२८, २०३६, २०४६, २०५२ र २०६२-०६३का भिषण आन्दोलनहरू हुँदा र देशभक्त क्रान्तिकारीहरूका त्याग, तपस्या र बलिदानका उच्चतम कीर्तिमान कायम हुँदासम्म समेत् देशको अस्मिता, अस्तित्व, स्वत्व, स्वाधीनता र स्वाभिमान सुरक्षित हुन सकेको छैन। र, नेपाललाई प्राथमिकता क्रमअनुसार क्रमशः सिक्किमीकरण, भुटानीकरण, फिजीकरण वा कम्तिमा खण्डीकरण गरेर यसको नामो निसान मेटाउने जालझेल र चलखेलहरू भैरहेका छन् ! विचित्रको विडम्बना त यो भएको छ कि यस प्रकृयामा नेपाली नेता-शासकहरू नै वैदेशिक शक्तिकेन्द्रहरूको दलाली र दासता निर्बाध र निर्भिकतापूर्वक नाङ्गै, खुल्लै र सिधै गरिरहेका छन्। यसले गर्दा देशको अस्तित्व झन्पछि झन् गम्भीर सङ्कटमा परेको छ। आजसम्म स्वतन्त्रता र समानताको लागि नेपालमा भएका उपरोक्त आन्दोलनहरूबाट यस दिशामा राज्य व्यवस्थामा भए-गरेका परिवर्तन र परिमार्जन पछाडि पनि विभिन्न व्यवस्था अन्तर्गत देशका विभिन्न शक्तिहरूले शासन गरिरहेका छन्। जहानियाँ हुकुमी राणाशासन र यस अन्तर्गत राणाहरूले, निर्दलीय निरङ्कुश पञ्चायत शासन र यस अन्तर्गत राजा र पञ्चहरूले, पुँजीवादी संसदीय शासन र यस अन्तर्गतका काङ्ग्रेस, कम्युनिस्ट, राप्रपा, मधेसवादी आदि शक्तिहरूले लामो समयसम्म पनि एकल वा संयुक्त रूपमा पटक पटक सरकार सञ्चालन गरेका छन्। यस क्रममा राज्यको लोकतान्त्रिकरण गर्ने र आधुनिक राज्यका विशेषताहरू अवलम्बन गर्ने अर्थात् गणतन्त्र, राजनीतिक स्वतन्त्रता, मानव अधिकार, प्रेस स्वतन्त्रता, कानुनी राज, आवधिक निर्वाचन, मौलिक हक, अनि उपेक्षित र बहिष्कृतहरूको समेत् राज्यसत्तामा सहभागिता आदि जस्ता कुराहरूको थोरबहुत प्राप्ति त भएको छ तर यो उपलब्धि सँगसँगै नेपालको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र अखण्डता भने दिनानु दिन चरम खतरामा परिरहेको छ। आज कालापानी, सुस्ता लगायतका ६ दर्जन जति स्थानहरूमा ६० हजार हेक्टरभन्दा बढी नेपाली भूमिमा भारतीय विस्तारवादीहरूबाट भैरहेको सीमाक्षेत्रमा अतिक्रमणलगायतका माइक्रो म्यानेजमेन्टसम्मका काम कुराहरूमा हुँदै आइरहेका राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक र सामरिकसम्मका हस्तक्षेपले के कुराको पुष्टि गर्छन् ? स्पष्ट छ कि हाम्रो देश आजको युगमा पनि समयानुकुल स्वतन्त्र र सार्वभौम छैन ! यो अद्यापि अर्ध वा नव उपनिवेशको अवस्थामा छ। तसर्थ देशलाई पूर्ण र सच्चा स्वाधीन राष्ट्र बनाउनु हामी नेपालीहरूको यतिबेलाको पहिलो र प्रमुख जिम्मेवारी हो ! यस निम्ति हामीले राष्ट्रिय स्वाधीनताको लडाइँ लड्नुपर्ने हुन्छ ! त्यो भनेको हाम्रो प्रधान अन्तर्विरोध वैदेशिक प्रतिकृयावादसँग अर्थात् इन्डो-पश्चिमा साम्राज्यवादसँग रहेको छ भनेको हो। यो भनेको यो वैदेशिक शक्ति अर्थात् इण्डो-पश्चिमा साम्राज्यवादी शक्तिहरू नै नेपाल, नेपाली र नेपाली क्रान्ती, मुक्ति र प्रगतिका मुख्य दुश्मन शक्ति हुन् भनेको हो। यो अवस्थामा प्रथमतः देशको स्वत्व र अस्तित्व रक्षाको लडाइँलाई सबल र सफल पार्न र द्वितीयतः जनवादी र समाजवादी क्रान्तिमा अघि बढ्न आज सम्पूर्ण देशभक्त शक्तिहरू गोलबन्द गर्नु-हुनुपर्दछ र हाम्रो मोर्चाको निसाना वैदेशिक प्रतिक्रियावादी विशेषतः भारतीय विस्तारवाद, अमेरिकी साम्राज्यवादलगायतका नेपालमाथि विविध प्रकारले हस्तक्षेप गरिरहेका साम्राज्यवादी शक्तिहरू र तिनका नेपाली अनुहारका दलाल र दासहरूलाई बनाउनु पर्छ। यसरी मात्र राष्ट्रिय मुक्ति आन्दोलनलाई विजयसम्म पुऱ्याउन सकिन्छ र सक्नु नै पर्दछ। राष्ट्रिय मुक्ति पूर्ण रूपले प्राप्त भैसकेपछि मात्र जनतन्त्र र जनजीविकाका अपूरा मुद्दाहरूलाई पूरा गर्न सङ्घर्ष गरेर नयाँ जनवादी क्रान्तिका दुई मुख्य कार्यभार वर्गीय मुक्ति र राष्ट्रिय मुक्तिलाई पूर्णता दिई समाजवादको दिशामा अघि बढ्नु पर्दछ।

साँच्चै भन्ने हो भने आज नेपालमा वर्गीय मुक्तिको दिशामा केही प्रगति र उपलब्धिहरू भएपनि राष्ट्रिय स्वाधीनता र मुक्तिको दिशामा केही प्रगति र उपलब्धि भएको छैन, बरू उल्टै राष्ट्र नै समाप्त हुने गम्भीर खतरा छ। पछिल्लो चरणमा एमसीसी मार्फत् भारत र अमेरिकाको संयुक्त पहलमा पश्चिमा साम्राज्यवादीलगायतका साम्राज्यवादी शक्तिराष्ट्रहरूले नेपालमा गर्न थालेको सुनियोजित हस्तक्षेप, हैकम र हालीमुहालीले नेपालको अस्तित्व पूर्ण र सर्वाधिक रूपले खतरामा परेको छ। साथै चीन, उत्तर कोरियालगायतका साम्राज्यवाद विरोधी देशहरूको समेत् हैसियत र अस्तित्व खतरामा परेको छ। यति मात्र होइन, यसले गर्दा क्षेत्रीय शान्ति र अन्ततः विश्व शान्तिलाई समेत् खतरामा परेको छ। त्यसैले नेपालभित्रका सच्चा देशभक्त र क्रान्ति-शान्तिका पक्षपातीहरूको मात्र होइन, देश बाहिरका साम्राज्यवाद र त्यस्को युद्धका विरोधी सम्पूर्ण शक्ति, राष्ट्र र जनसमुदायहरूको समेत् राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा बृहद संयुक्त मोर्चा निर्माण गरी राष्ट्रिय स्वाधीनताको लडाइँ लडेर राष्ट्रिय मुक्ति आन्दोलनलाई विजयी बनाई स्वाधीनता, शान्ति, समृद्धि र समानताको दिशामा अघि बढ्नु पर्दछ। वास्तवमा नयाँ जनवादी क्रान्तिका दुई कार्यभारहरू मध्ये अहिले नेपालमा राष्ट्रिय स्वाधीनताको प्राप्तिको लडाइँलाई सबल र सफल पार्न हामीले प्राथमिकता र प्रधानता दिनु जरुरी छ भने तत्पश्चात् वर्गीय मुक्ति प्राप्तिको लडाइँलाई सबल र सफल पार्नु पर्दछ। यो नै अत्यावश्यक र सम्भव अनि नेपाली वस्तुगत आधार र मौलिकतामा आधारित सही, बैज्ञानिक, सिर्जनशील र क्रान्तिकारी तरिका हो। यसो नगरेर एकै पटक नयाँ जनवादी क्रान्तिका दुवै कार्यभार पूरा गर्ने भन्ने सोंच र तरिका यान्त्रिक, अवस्तुवादी र असम्भव सोंच र तरिका हो। यसैगरी नयाँ जनवादी क्रान्तिका बाँकी कार्यभार पूरा गर्दै समाजवादमा जाने वा अहिले नै समाजवादी क्रान्ति गर्ने कुरा पनि त्यत्तिकै अवस्तुवादी, अबैज्ञानिक, असम्भव र मनोगत आत्मरती भन्दा अरू बढी केही हुने देखिन्न। तसर्थ राष्ट्रिय मुक्ति आन्दोलनको यो कार्यदिशाले मात्र अहिलेको विश्वको प्रधान अन्तर्विरोधसँग पूर्ण सङ्गती राख्दछ। यसरी मात्रै राष्ट्रिय क्रान्ति हुँदै अन्तर्राष्ट्रिय क्रान्तितर्फ अघि बढ्न अर्थात् विश्वभरका उत्पीडित राष्ट्रहरू मिलेर विश्व साम्राज्यवादका विरुद्ध लडेर विजय र मुक्ति पाउन सकिन्छ भन्ने लाग्दछ। यस दिशातिर स्वतन्त्र, गम्भीर र जिम्मेवार भएर सोंच्न, विचार गर्न अनि आआफ्ना पार्टी र समूहभित्र आवश्यक छलफल चलाउन र यसप्रकारको सही नीति, निर्णय र कार्यदिशामा अघि बढ्न सम्पूर्ण अग्रज-दिग्गज, ठुला-बडा र सच्चा-पक्का देशभक्त-क्रान्तिकारी शक्ति-व्यक्ति र नेतृत्व-व्यक्तित्वहरू लगायत सबै बुद्धिजीवी-विश्लेषक र क्रान्तिका किल्ला र इतिहासका निर्माता सचेत जनसमुदायहरूलाई समेत् विनम्र अनुरोध गर्नु वान्छनीय भएको छ।

---

## कांग्रेस...

*शिवराज श्रेष्ठ र एनसेल*

नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर शिवराज श्रेष्ठको एउटा निर्णयका कारण एक अर्ब ९२ करोड रूपैयाँ शंकास्पद रूपमा मुलुकबाट बाहिरिएको थियो। श्रेष्ठमाथि छानबिन गर्न सरकारले गठन गरेको समितिले श्रेष्ठ सम्पत्ति शुद्धीकरणको शंकास्पद क्रियाकलापमा संलग्न रहेको आशंकासाथ कारबाहीका लागि सरकारले नै निर्णय गर्नुपर्ने भनी गत फागुनमा नै सिफारिस गरेको थियो। तर सरकारले मन्त्रिपरिषद्बाटै श्रेष्ठलाई कारबाही गर्नु नपर्ने भनी उन्मुक्ति दिई पदबहाल गरायो।

एनसेलले वैदेशिक लगानीकर्ताले लाभांश लैजाने क्रममा ७७ प्रतिशत मात्रै लाभांश दिनुपर्नेमा शतप्रतिशत दिएकाले उक्त रकम गैरकानुनी रूपमा मुलुकबाट बाहिरिएको छानबिन प्रतिवेदनमा उल्लेख छ। यो विषयमाथि अख्तियारले पनि छानबिन गरिरहेको थियो। अख्तियार स्रोतबाट प्राप्त प्रतिवेदनमा एनसेलमा विदेशी लगानी ८० प्रतिशत भनिए पनि ७७ प्रतिशतभन्दा बढी रकम नआएको भन्दै समितिले उसैले पत्रमा ७७ प्रतिशतको सटही सुविधा मागेकामा शतप्रतिशत दिनु गलत रहेको निष्कर्ष निकालेको देखिन्थ्यो।

एउटा डेपुटी गभर्नर बिदामा भएका बेला अर्काले जिम्मेवारीको दुरूपयोग गर्नु, निर्णय हुनुअघि नै बैंकबाट रकम ट्रान्सफर हुनुअघि अवकाशको मुखैमा रहेका कर्मचारीहरूले धमाधम निर्णय गर्नु गलत थियो। यो मुद्दाका साथै एनसेलको कर विवाद र श्रेष्ठमाथि गैरकानुनी सम्पत्ति आर्जनको समेत उजुरी थियो। अख्तियार स्रोतले कान्तिपुरलाई दिएको विवरणअनुसार एनसेलको लाभ विदेश पठाउने क्रममा अनियमितता भएको, बैंकहरूमा भेटिएको अनियमितता लामो समयसम्म लुकाएर राखेकोलगायत विषयमा छानबिन हुनुपर्नेमा अख्तियार मौन बसिदियो। र, मन्त्रिपरिषद्ले उन्मुक्ति दिएझैं अख्तियारले पनि श्रेष्ठमाथि कुनै कारबाही गर्न सकेन।

*ट्रस्टको जग्गा*

नेपाल ट्रस्टको जग्गा र सम्पत्तिमाथि सत्ताको आडमा यति समूहले लिएको अस्वाभाविक र कानुनविपरीत लाभमा अख्तियार मौन मात्रै बसेन, उसैको अनुकूल हुने गरी निर्णयसमेत गरिदियो। दरबारमार्गस्थित नेपाल ट्रस्टको जग्गा लिज अनियमितताको उजुरी छानबिन नै नगरी टुंग्यायो। झन्डै पाँच अर्ब रूपैयाँ अनियमितता भएको घटनामा अख्तियारले प्रारम्भिक अनुसन्धानबाट फाइल तामेली राखेको थियो। यही घटनामा महालेखा परीक्षकको कार्यालयले अनियमितता भएको निष्कर्षका साथ 'छानबिन गरी यकिन हुनुपर्ने' निर्णय गरेको थियो।

अख्तियार स्रोतबाट प्राप्त कागजातअनुसार दरबारमार्गस्थित जग्गामा भवन बनाउने र ३० वर्षसम्म त्यसलाई भाडामा लगाउने भनी थामसेर्कु ट्रेकिङले भवन निर्माणको १९ करोड २९ लाख रूपैयाँसहित ६ अर्ब ४५ करोड रूपैयाँ बुझाउने प्रस्ताव गरेको थियो। सुरुमा ६ अर्ब ४५ करोड रूपैयाँमा ३० वर्षे लिजमा लिन तयार कम्पनीले पछि त्यति रकम तिर्न सकिँदैन भनेर एक अर्ब ५९ करोड रूपैयाँमा मात्रै सम्झौता गर्ने प्रस्ताव गरेको थियो। प्रस्ताव खुरुखुरु स्वीकार गरेर राज्यकोषमा ४ अर्ब ८६ करोड रूपैयाँ नोक्सान हुने गरी सम्झौता भएकामा अख्तियारले देखेको नदेख्यै गरी जोगायो। अख्तियार नेतृत्वले यति चतुऱ्याइँ गऱ्यो कि, प्रारम्भिक तहमै उजुरी तामेलीमा राखिदिएर अख्तियारको वार्षिक प्रतिवेदनलगायतमा अभिलेख नै नरहने बनाइदियो।

सामान्यतया छानबिनमा परेको बाहेकका पक्षलाई पत्रबाट जानकारी दिने चलन नभए पनि तत्कालीन अनुसन्धान अधिकृत उपसचिव बाबुराम खतिवडाले थामसेर्कुमा पनि पत्र पठाएका थिए। ट्रस्टको कार्यालयमा पठाएको पत्रमा उजुरी तामेलीमा पठाइएको उल्लेख छ। 'अस्वाभाविक बढी मूल्यांकन भएका कारण पछि दुवै पक्ष समझदारीमा आउनुपर्ने स्थिति सिर्जना हुन आएको देखिँदा उप्रान्त कानुनबमोजिम ट्रस्टको जग्गा लिजमा दिने व्यवस्था गर्ने,' पत्रमा भनिएको थियो। नेतृत्वको निर्देशनअनुसार काम गरेकाले तत्कालीन उपसचिव खतिवडा सहसचिवमा बढुवा भएर फेरि अख्तियारकै कञ्चनपुर कार्यालयका प्रमुख बनेका थिए।

*यतिको धन्दामा मौन*

नेपाल ट्रस्टको जग्गामा यति समूहले गरेका अरू काममा समेत अख्तियारले मौनता साध्यो। गत पुसमा सरकारले नेपाल ट्रस्टको गोकर्णस्थित जग्गा यति समूहलाई थप २५ वर्ष लिजमा दिने भनी अवधि थप्यो। तत्कालीन 'नेपाल ट्रस्ट ऐन' अनुसार लिजको अवधि लम्ब्याउन कठिनाइ हुने सबै प्रावधान आफूअनुकूल संशोधन गरेपछि मात्रै सरकारले ट्रस्टको सञ्चालक समितिको सिफारिसमा मन्त्रिपरिषद्बाट अवधि थप गरेको हो। नेपाल ट्रस्टको कार्यालयले राजधानीको कालीमाटीस्थित चार रोपनी जग्गासमेत प्रचलित कानुन मिचेर यति समूहलाई लिजमा दिएको थियो। ट्रस्टले ३० वर्षमा करिब १९ करोड रूपैयाँ बुझाउने गरी सम्झौता गरेको हो। यी सबै अनियमिततामा अख्तियार मौन बसिदियो।

*निगमको जग्गा र अडियो टेप*

अख्तियारले करिब दुई महिनाअघि नै नेपाल आयल निगमको जग्गा खरिद प्रकरणको अनियमिततालाई 'मुद्दा नचल्ने' निर्णय गऱ्यो। मुद्दा चल्ने पर्याप्त प्रमाण भएको यो विषय अख्तियारले शक्ति केन्द्रको प्रभावमा तामेलीमा राखेको थियो। यो विषयमा महालेखा, सार्वजनिक खरिद अनुगमन कार्यालयसहित ४ संसदीय समितिले अनियमितता भनेका थिए।

*गोकुल बाँस्कोटालाई उन्मुक्ति*

अख्तियारले पूर्वसञ्चारमन्त्री गोकुल बाँस्कोटा जोडिएको अडियो टेप प्रकरण पनि अघि बढाउन चाहेन। बरु सत्ताको इसाराअनुसार फाइल नै तामेलीमा लैजान अनेक प्रयास गरेको थियो। आयोगले पूर्वमन्त्री गोकुल बाँस्कोटा मुछिएको अडियो टेपसँग सम्बन्धित फाइल तामेलीमा राख्न सम्पर्कमा रहेको व्यक्तिलाई बेपत्ते भनी सूचना निकालेको थियो। अख्तियारले १० दिनअघि गोरखापत्रमा सातदिने सूचना निकालेको हो। त्यो सूचनाअनुसार गत बुधबारसम्म अडियो रेकर्ड गर्ने विजयप्रकाश मिश्र अख्तियारमा उपस्थित हुनुपर्ने थियो। कान्तिपुरले यसबारे निरन्तर समाचार लेखेपछि 'सबैतिरबाट यो विषय खेदिएको' भन्ने टिप्पणी गरेका अख्तियार प्रमुख नवीन घिमिरेले तामेलीको प्रस्ताव गराउन र निर्णय लिन सकेनन्।

विमान खरिद प्रकरण

नेपालभित्र भएको अनियमितता मुलुकको संवैधानिक निकायले नदेख्ने तर रू मुलुकका निकायले बताइदिनुपर्ने अवस्थाको उदाहरण नेपाल वायुसेवा निगमको न्यारोबडी विमान खरिद प्रकरण हो। अनियमितताको कुनै छानबिन नभएको यो प्रकरणमा साढे ४ करोड घूस प्रवाह भएको विवरण फ्रान्सबाट बाहिरियो। गत माघमा फ्रान्सको एयरबस कम्पनीले नेपाल वायुसेवा निगमलाई विमान बिक्रीका क्रममा करिब साढे ४ करोड रूपैयाँ घूस दिएको स्विकाऱ्यो। उसले ३ लाख ४० हजार युरो रकम खर्च गरेको स्विकारेको हो। १८ लाख डलरको कुल वित्तीय प्रतिबद्धतालाई संकेत गर्दै सम्झौतामा सो भुक्तानी विदेशी सरकारी अधिकारीहरूका लागि घूसका रूपमा प्रयोग भएको उल्लेख थियो। सन् २००९ मा दुबईमा भएको एयर शोमा निगमका तत्कालीन प्रबन्ध निर्देशक सुगतरत्न कंसाकारले वाइडबडी र न्यारोबडीका एयरबस विमान खरिदको सहमतिपत्रमा हस्ताक्षर गरेका थिए। उनीमाथि ७ लाख ५० हजार डलर बैना भुक्तानीको आरोपमा अख्तियारले भ्रष्टाचार मुद्दा लगाएको थियो। उनले सर्वोच्चबाट सफाइ पाइसकेका छन्।

एयरबसले दिएको घूस सोझै नभई कुनै तेस्रो मुलुक प्रयोग गरेर विभिन्न माध्यमबाट ल्याइएको थियो। घूस संकलन गर्न प्रयोग गरिएको खाता अन्य मुलुकका नागरिकको नामबाट पनि खोलिएको हुन सक्छ। उक्त खातामा रकम जम्मा भएपछि बैंकिङ च्यानलमा नआउने गरी 'अनौपचारिक माध्यम' बाट रकम आदानप्रदान भएको हुन सक्छ। तर यो प्रकरणमा अख्तियारले हातै हालेन किनभने प्रमाणको अभाव थियो। प्रमाण नभेटिएका उजुरीबारे छानबिन सुस्ताउनु त स्वाभाविकै हो। तर प्रमाण भेटिएको र संसद्को सार्वजनिक लेखा समितिले नै अंक किटान गरेको वाइडबडी विमान खरिद प्रकरणमा समेत अख्तियार लत्रियो।

संसद्को सार्वजनिक लेखा समितिले २०७५ पुस तेस्रो साता तयार पारेको प्रतिवेदनअनुसार वाइडबडी खरिदमा ४ अर्ब ३५ करोड ५६ लाख रूपैयाँ अनियमितता भएको थियो। हालसम्मका कागजातबाट अनियमितताको अंक यकिन गरिएको भन्दै उपसमितिले एयरबस र बिचौलिया कम्पनी हाई-फ्लाई-एक्सबीचको कारोबार रकम खुले अनियमितता अझै बढ्ने स्पष्ट पारेको थियो। 'अनियमितताका सबै विवरण उल्लेख गरिएको यो प्रकरणमा लाउडामा झैं मुद्दा चलाउने आधार थियो,' अख्तियार स्रोतले भन्यो, 'खै कसले कहाँ खायो, देखिएन भन्दै बहाना बनाएको भए लाउडामा पनि मुद्दा चल्ने थिएन।' तत्कालीन अख्तियारले नेपाल वायुसेवा निगमको नोक्सानीलाई आधार मानेर लाउडा विमान भाडा प्रकरणमा मुद्दा चलाएको थियो।

*ओम्नी प्रकरण*

गत चैतमा लकडाउन सुरु भएलगत्तै ओम्नी बिजनेस कर्पोरेट इन्टरनेसनल (ओबीसीआई) सँगको स्वास्थ्य सामग्री खरिदमा समेत अख्तियारले ६ महिनामा केही गर्न सकेन। यो बीचमा कोराना संक्रमणका कारण अख्तियारको नियमित कामकारबाहीसमेत प्रभावित थियो। तर कर्मचारीहरू सवार गाडी खानतलासी गरी रकम जफत गर्ने र रंगेहातका खुद्रा मुद्दामा पक्राउ परेकाहरूलाई थुनामा यातना दिन सक्ने अख्तियारले ओम्नी समूहको स्वास्थ्य सामग्री खरिदमा समेत चाहेको भए छानबिन गरेर मुद्दा चलाउने आधार थियो।

सार्वजनिक खरिद अनुगमन कार्यालयले मन्त्रीकै उपस्थितिमा समिति गठनको काम ऐनअनुकूल नभएको, कार्यालय प्रमुखको जिम्मेवारीमा खरिद हुनुपर्नेमा नभएको भन्दा समेत अख्तियारले छानबिन टुंग्याउन सक्रियता देखाएन। यो प्रकरणमा अनुसन्धान सुरु भएको करिब ६ महिना मात्रै भएकाले आगामी दिनमा पनि मुद्दा चल्ने सम्भावना छ।

*पूर्वप्रधानसेनापतिको सम्पत्ति*

पूर्वप्रधानसेनापति राजेन्द्र क्षत्रीको सम्पत्ति छानबिनको माग राखी परेको उजुरीमाथि समेत अख्तियारले छानबिन गर्न सकेन। नेपाली सेनामाथि अख्तियारले अनुसन्धान गर्न नपाउने भए पनि अवकाशप्राप्त अधिकारीहरूमाथि भ्रष्टाचारको आरोपमा छानबिन गर्न कानुनले छेक्दैन। अख्तियारले अनुसन्धान गरेर मुद्दा चलाएको भए नजिर स्थापित हुने थियो तर शीतल निवासलगायत विभिन्न शक्ति केन्द्रको दबाबका कारण क्षत्रीमाथिको अनुसन्धान अघि बढ्न नसकेको अख्तियार स्रोत बताउँछ।

०७२ भदौ २४ गतेदेखि ०७५ भदौ २३ गतेसम्म प्रधानसेनापति बनेका क्षत्री ०३५ सालमा सहायक सेनानीबाट सेवा प्रवेश गरेका थिए। पछिल्लो समय भने महँगो घरजग्गा खरिद, सम्पत्ति जोड्ने क्रियाकलापलगायतका कारणले उनको चौतर्फी आलोचना भएको थियो। ०७२ भदौमा सेनाको नेतृत्व सम्हालेपछि उनको सम्पत्तिको ग्राफ उक्लेको भनी नेपाल साप्ताहिकले आवरण रिपोर्टिङ नै प्रकाशन गरेको थियो।

सेनाले गर्ने खरिद, ठेक्कापट्टालगायतका क्रिया-कलापबाट सैनिक अधिकारीहरूले लाभ लिने गरेको आरोप लाग्दै आएको छ। त्यसमाथि सेनाले विकास निर्माणको काम सम्हालेपछि त्यसमा पनि भ्रष्टाचार र अनियमितता हुने गरेको भनी महालेखाका प्रतिवेदनले औंल्याएका थिए। यस्तै पृष्ठभूमिमा एक पूर्वसैनिक अधिकारीको सम्पत्ति छानबिनमा अख्तियारले आफूलाई 'अडिग' राख्न सकेन।

*अन्य उदाहरण*

दुई महिनाअघि रेल विभागले झापादेखि सुनसरीसम्मको खण्डमा ट्र्याक बेड बनाउने भनी टेन्डर निकाल्यो। ३४ अर्बको ठेक्कामा तोकिएको सर्तले सीमित प्रतिस्पर्धा गराई राज्यकोषमा झन्डै १० अर्ब बराबरको नोक्सानी हुन लागेको भनी चौतर्फी आलोचना भयो। त्यसबारे परेको उजुरी छानबिन गरी अख्तियारले छोटो अवधिमा नै 'ठेक्का अगाडि बढाए हुने' भनी अनुसन्धान टुंग्याइदियो। यो ठेक्कामा केही सत्तासीन शक्ति केन्द्रको प्रत्यक्ष रुचिबारे अख्तियारले चाल पाइसकेको थियो।

अख्तियारले अरू कैयौं ठूला उजुरीमाथि पनि अनुसन्धान गर्न सकेन। ठमेलको छाया सेन्टरको जग्गा अनियमितता त्यसको उदाहरण हो। त्यसबाहेक प्रहरी प्रधान कार्यालयको खरिदमा भएको अनियमितता पनि होहल्लामै गुपचुप भयो। मेलम्चीको ठेक्कादेखि नेपाल टेलिकमको फोरजी विस्तारसम्मका ठूला ठेक्कामा अख्तियारले अनुसन्धान अघि बढाउन सकेन। विशेष अदालतका पूर्वअध्यक्ष कार्कीका अनुसार अनियमिततामा जोडिने ठूला बिचौलियाहरूले राजनीतिक नेताहरूलाई प्रभावित बनाउँछन्। 'एकातिर नेताहरूकै इसारामा चलेकाले अख्तियारका पदाधिकारीले मुद्दा नचलाएका हुन सक्छन्,' कार्कीले भने, 'बिनाआधार त भन्नुभएन र कतिपय उजुरी छानबिनमा बदमासी हुँदोरहेछ भन्ने त राजनारायण पाठककै उदाहरणबाट देखियो, हैन र ?'

# मैले चिनेको र पढेको पाखिन दाइ

*२०६० पछिका दिनहरूमा पाखिन दाइसँग एकैसाथ सांस्कृतिक मोर्चामा रहेर सहकार्य गर्ने अवसर पनि मिल्यो । २०६३ मा त्रि.विको अडिटोरियम हलमा भएको अखिल नेपाल जनसांस्कृतिक महास□को तेस्रो राष्ट्रिय सम्मेलनपछि हामी केन्द्रीय समितिमा रहेर एकसाथ सांस्कृतिक आन्दोलनमा सहभागी भयौँ । दाइले सामना परिवारको नेतृत्व सम्हाल्नुभयो । यद्यपि परिवारको संयोजकमा माइला लामा रहनु भएता पनि पाखिन दाइको भूमिका समग्र सांस्कृतिक आन्दोलनको अविभावकको रूपमा रह्यो*



● हिरामणि दुःखी ●

मैले पहिलो पटक पाखिन दाइलाई दाङ घोराहीमा देखेको हुँ । त्यतिवेला म महेन्द्र बहुमुखी क्याम्पस भरतपुर, घोराहीमा पढ्थेँ । यो २०४७ साल जेठ या असारको महिना थियो । भरखरै नेपालमा पञ्चायती व्यवस्थाको अन्त्य भएर बहुदल घोषणा भएको थियो । हामीले बहुदल घोषणा हुनुलाई 'जनताको आन्दोलनमाथि भएको धोका थियो' भनेर देशव्यापी २०४६ माघदेखि सुरु भएको जनआन्दोलन जारी नै राखेका थियौँ । त्यो बेला हाम्रो आन्दोलनको मोर्चा थियो, 'संयुक्त राष्ट्रिय जनआन्दोलन संयोजन समिति' । मैले सोधीखोजी त केही गरिन सायद पार्टीले पाखिन दाइलाई साङ्गीतिक प्रस्तुती लिएर देशव्यापी दौडाहामा पठाएको थियो होला, जनतामा जागरण ल्याउनका लागि । उहाँ र हामी एउटै पार्टीका सदस्य रहेछौँ, नेकपा (मशाल)का ।

ख्याउटे शरीर, रातो वर्णको, लामो झ्याप्प कपाल पालेको र सारङ्गी रेटेर गीत गाएको पाखिन दाइलाई सबैले निकै कुतुहलताका साथ हेरेका थिए । कार्यक्रम घोराहीको बालमन्दिरको प्राङ्गणमा भएको थियो । उहाँका गीत पहिलो पटक उहाँकै मुखबाट गाएको सुनेको हुँ । उहाँले आफ्नो गीतिसङ्ग्रह 'आँशुका भाका'बाट केही गीत गाउनु भएको थियो । त्यतिबेला दाइले आफैले सारङ्गी बजाएर गाउनु भएको पहिलो गीत थियो-

*'गैँटी बेल्चा उचालेर, पहरालाई छिचलेर,*
*डाँडाकाँडा बाटो बनायो*
*के खायो नि कुल्ली दाइले*
*के पायो नि कुल्ली भाइले*
*अर्कैले ट्याक्सी गुडायो'*

यो गीत सुन्दा मलाई तुलसीपुर-सल्यान जोड्ने बाटो खनेको दृष्य याद आएको थियो । २०३३ सालदेखि २०४० सालसम्म सल्यानरोड खन्दा सल्यानरोडमा पर्ने पहरेखोला, लाटीभीर, दक्सुडाँडा, चोरखोला, गोठेरीखोलाका अजङ्गका भीरहरू डाइनामाइट पड्काएर पहरा फोडेको दृश्य मैले नजिकैबाट देखेको थिएँ । बाटो खन्न आएका कुल्लीहरूको कडा परिश्रमलाई मैले आफ्नै हातले छामेको थिएँ । त्यतिबेला त्यो बाटो खन्ने क्षेत्रमै हाम्रो किराना सामानको दुकान र चिया पसल थियो । कुल्लीहरूले हाम्रो पसलबाट उधारोमा सामान लैजान्थे । कुल्लीहरूलाई ठेकेदारले ठगेको र पुरै ज्याला नपाएर कुल्लीहरू रिसाउँदै काम छोडेर हिँडेको मैले प्रत्यक्ष देखेको थिएँ । मलाई त्यो गीत सुन्दा तिनै सल्यानको बाटो खन्ने कुल्लीहरूको गीत बनाएर गाएको जस्तो लागेको थियो । गीतले मेरो मुटुमै चपक्क अँठ्याएको महसुस भएको थियो । त्यसपछि दाइले दोस्रो गीत गाउनुभयो गीटार बजाएर-

*'फाटेको जालैले छेकेको*
*छेकेपनि छर्लङ्गै देखेको*
*हेर गाउँले हो,*
*छर्लङ्गै देख्नुभो देशमा केके भो'*

यो गीतले भर्खरै बिदा गरेको पञ्चायती निरङ्कुश शासन व्यवस्थाको पाप्रो उप्काइदिएको थियो । हामीले भोगेको शासनसत्ताको चरित्र राम्रैसँग उदाङ्गो बनाइदिनु भएको थियो पाखिन दाइले । पञ्चायती व्यवस्थाको क्रुरतम अनुहारको सजीव चित्र दाइको यो गीतमा देखिएको थियो । यद्यपि त्यो गीतको प्रभाव अहिलेसम्म नै यथावत छ । अहिले पनि सत्ताको चरित्र उस्तै छ । शासकहरू उस्तै निरङ्कुश र क्रुर छन् जस्तो पञ्चायतमा थिए । परिवर्तनकारी जनतालाई दमन गर्ने राज्यको रबैया उस्तै छ ।

पाखिन दाइले जीवन पर्यन्त जनताका गीत गाउनुभयो । देशको गीत गाउनुभयो । आफ्ना सबै अवसर, इच्छा आकाङ्क्षा, व्यक्तिगत जीवनका सुख, दुःख त्यागेर माटोमा पसिना बगाउने र राष्ट्रका निम्ति रगत बगाउनेहरूका निम्ति गीत गाउँदै हिँड्नुभयो । पाखिन दाइ जनगायक बन्नुभयो।

पाखिन दाइसित मेरो दोस्रो भेट २०४८ असोजमा भारतको फरिदावादमा भएको हो । त्यतिवेला दाइले प्रवासका नेपाली बस्ती भएका गल्लीहरूमा जनताका भाका गाउँदै हिँड्नुभएको थियो । दाइलाई पार्टीले प्रवासमा साङ्गीतिक अभियान लिएर भारतका विभिन्न सहरहरूमा प्रवासिएका नेपालीहरूलाई जगाउँदै हिँड्न खटाएको थियो । म भने स्कुलको दशैँ विदाको समयलाई सदुपयोग गर्न भ्रमणका क्रममा त्यसतर्फ गएको थिएँ । त्यतिवेला भारतमा 'नेपाली एकता समाज'का भेला र सम्मेलनहरूको अभियान नै चलेको थियो । किनकि यता हाम्रो पार्टीको एकता महाधिवेशनको अभियान चलेको थियो र प्रवासमा पनि एकता समाजको एकता सम्मेलनहरू चलेका थिए । मेरा निम्ति 'एक पन्थ दुई काज' भएको थियो । पहिलो पटक भारत भ्रमणको अवसर थियो भने दोस्रो एकता समाजका सम्मेलनहरूमा सहभागी भएर अनुभवहरू लिने अवसर मिलेको थियो । त्यतिवेला फरिदावादको १६ सेक्टरमा रहेका माहाकलीतिरका मजदुर कालिप्रसाद दाइको डेरामा पाखिन दाइसित भेट भएको थियो । पाखिन दाइको साथमा विना भुसाल र अरू दुइतीन जना कलाकार थिए । विना भुसालसित मेरो पहिलो भेट त्यहीँ भएको हो । त्यहाँको एउटा कार्यक्रममा मैले पनि पाखिन दाइसित गीत गाउने अवसर पाएको थिएँ । त्यतिवेला पाखिन दाइसित मैले 'टाढैबाट चिनियो, ढाका टोपी लाउनेलाई' गीत गाएको थिएँ । साथै अरू थुप्रै गीतहरू पाखिन दाइ र विना भुसाल (शर्मा)ले संयुक्त र एकल रूपमा गाउनु भएको थियो । फरिवाद र नइदिल्लीका विभिन्न ठाउँमा भएका कार्यक्रमहरूमा श्रमिकका आँशु र पसिना मुछिएका गीत गाएर दाइको टोली टि.वि. पाठकसँग चण्डिगढतिर लाग्यो भने म दाङ फर्किएको थिएँ । त्यतिबेला मैले दाङको भ्युँडहर सुनपुरको मावि पवननगरमा शिक्षण पेसा गर्थें ।

त्यसपछिको भेट जनयुद्धको पिकआवरमा २०६० मा भारतकै लखनउमा भयो । त्यो बेला पनि पाखिन दाइ पूर्वि नेपालको साङ्गीतिक अभियान सकेर पश्चिम नेपालका लागि जाँदै हुनुहुन्थ्यो । त्यसपछि हामी एक दुई वर्षको अन्तरालमा लगातार भेट भई नै रह्यौँ । २०६०को अन्त्यतिर म पनि केन्द्रीय र कमानको विभागीय जिम्मेवारीबाट सरुवा भएर केन्द्रीय आधार इलाकामा आएको थिएँ । हामीले रोल्पामा जनादेशको कार्यालय राखेका थियौँ । त्यहीँ हामीले 'रिको अफसेट प्रेस' राखेर जनादेश प्रकाशन गर्थ्यौं । म जनादेशको सम्पादक थिएँ । रोल्पामा रहुञ्जेल हामी बैठक, भेला, जनसभा, साङ्गीतिक कार्यक्रमहरूमा सँगै हुन्थ्यौँ । मैल त्यस समयमा पाखिन दाइसित अन्तरवार्ता पनि लिएको छु । उहाँसँग जनवादी गीतहरूको भण्डार नै थियो ।

औपचारिक शिक्षा धेरै नपढेता पनि पाखिन दाइले नेपाली समाजको वास्तविक जनजीवन प्रचुर मात्रामा पढ्नु भएको थियो । आफू तामाङ समुदायको भएता पनि चितौनीयाँ थारु, अवधी भाषामा पनि उहाँले गीत लेख्ने सङ्गीत भर्ने र गाउने गर्नु हुन्थ्यो । त्यस्तै तामाङ शेलो, शेर्पा, भोटे, गण्डकतिरको कौडा, सालैजो, पश्चिमको टप्पा जस्ता लोक भाकाहरूमा पनि उहाँले गीत लेख्ने र सङ्गीत भरेर गाउनुभएको छ । यसरी पाखिन दाइका गीतले नेपालको तराइ, पाहाड र हिमालका सबै जनजीवनको वास्तविक जीवनको सजीव चित्र कोरेका छन् ।

२०६० पछिका दिनहरूमा पाखिन दाइसँग एकैसाथ सांस्कृतिक मोर्चामा रहेर सहकार्य गर्ने अवसर पनि मिल्यो । २०६३ मा त्रि.विको अडिटोरियम हलमा भएको अखिल नेपाल जनसांस्कृतिक महासङ्घको तेस्रो राष्ट्रिय सम्मेलनपछि हामी केन्द्रीय समितिमा रहेर एकसाथ सांस्कृतिक आन्दोलनमा सहभागी भयौँ । दाइले सामना परिवारको नेतृत्व सम्हाल्नुभयो । यद्यपि परिवारको संयोजकमा माइला लामा रहनु भएता पनि पाखिन दाइको भूमिका समग्र सांस्कृतिक आन्दोलनको अविभावकको रूपमा रह्यो । २०४७ सालमा पहिलो पटक दाङ घोराहीमा भेट भएदेखि पछिल्लो पटक हामी इच्छुक सांस्कृतिक प्रतिष्ठानको कार्यसमितिमा एकैसाथ रहँदासम्म मैले पाखिन दाइलाई राम्रोसँग पढ्ने, बुझ्ने, चिन्ने र जान्ने अवसर पाएँ । मैले दाइलाई बुझेको र पढेको पाठबाट पाएको अनुभव यस्तो रह्यो-

- पाखिन दाइमा वर्गप्रतिको इमान्दारिता प्रचुर मात्रमा थियो । उहाँले जेजति गीत सङ्गीत नेपाली समाजलाई दिनुभयो ती सबै नेपाली समाजको वास्तविकतामा आधारित छन् । उहाँका गीतहरूमा नेपाली समाजले युगौँदेखि भोग्दै आएको वर्गीय, जातीय, क्षत्रीय र लैङ्गिक उत्पीडनका कथा व्यथा प्रतिबिम्बित भएका छन् । उहाँका गीतहरूले समाजको यथार्थताको प्रस्तुती मात्रै गरेका छैनन् तिनले निकासको बाटो पनि देखाएका छन् ।

- पाखिन दाइका गीतहरू कुनै एउटै भाषा, संस्कृति, पहिचान र तिनको नेपाली समाजमा प्रभावका बारेमा मात्रै छैनन् । उहाँका गीतहरूले नेपालका विभिन्न भाषा, संस्कृति, पहिचानको मूल्य र प्रभावलाई समेटेका छन् ।

- पाखिन दाइका गीतहरूमा शब्द, लय, स्वर, सुर, ताल र तिनको आफ्नै पृथक पहिचान दिने मौलिक सङ्गीतको राम्रो संयोजन छ ।

- उहाँका गीतहरूमा उत्पीडित समुदायका जनताप्रतिको वर्गीय पक्षधरताको पक्ष अत्यन्तै उच्च र सवल छ ।

- पाखिनका गीतहरूमा हिमाल, पाहाड र तराईका समाजको सजिव चित्र उतारिएका छन् । प्रकृतिको मानवीकरण, मानव समुदायको प्रकृतिकरण गर्नमा दाइका गीतहरू सवल देखिएका छन् । यसले गीतहरूलाई सुन्दर, मिठासपूर्ण, कर्णपृय र लालित्यमय बनाएका छन् ।

- पाखिनका कतिपय गीतहरू कालजयी छन् । ती जतिपटक सुने पनि सुनिरहुँ, गुनगुनाई रहुँ लाग्छन् । जस्तो कि, कालो बनको बिचैमा, गैटी बेल्चा उचालेर, फाटेको जालैले छेकेको, टाढैबाट चिनियो, हाम्री चेली बिरानो गाउँमा, डुल्दै आउँदा परदेशमा आदि गीतहरूले नेपाली समाज, नेपालको राज्य व्यवस्था, जनताको अवस्था, यहाँको वर्गीय स्वरूप आदिको स्यामश्वेत तस्बिर उतारेका छन् । यी कालजयी छन् । जनताका निम्ति अत्यन्तै लोकप्रीय र कर्णप्रिय छन् ।

- पाखिनका गीतहरूले नेपालका सबै जनवादी गीत, सङ्गीतहरू भन्दा फरक पहिचान दिएका छन् ।

- उहाँका गीतहरू अधिकांशले लोकलय समातेका छन् । सरल, सहस शब्दका माध्यमबाट नेपाली समाज र सत्ताको चरित्र देखाउन पाखिन दाइ सफल रहनु भएको छ ।

- पाखिन दाइका गीतहरूले अत्यन्तै तल्लो वर्गका मजदूरहरू जस्ले ज्यानको जोखिम मोलेर पाखुरा बजार्छन् तिनीहरू, किसान, महिला र ससाना बालबच्चाहरूसँग प्रत्यक्ष सम्वाद गर्छन् र तिनलाई राज्यसत्ताका विरुद्ध सङ्गठित भएर विद्रोहमा सामेल हुन आह्वान गर्छन् ।

पाखिन दाइलाई पनि एकको दुईमा विभाजन गरेर हेर्नुपर्ने हुन्छ । मार्क्सवादी दर्शनले त्यही भन्छ । हाम्रो नेपाली समाजमा मानिसलाई जिउँदो हुँदासम्म उसको गलत पक्षलाई बढ्ता उचाल्ने र सकेसम्मको खुइल्याउने अनि मृत्युपछि भने उसको दोष नै नदेख्ने र प्रशंसै प्रशंसाको पाहाड बनाएर देवत्वकरण गर्ने चिन्तन परम्परा छ । यसलाई दर्शनको भाषामा अधिभूतवादी चिन्तन भनिन्छ । यो चिन्तन नेपालको कम्युनिस्ट आन्दोलनमा पनि जब्बर बनेर बसेको छ । परन्तु हामी यदि सच्चा कम्युनिस्ट हौँ वा हुन चाहन्छौँ भने हरेक मानिसमा गुण र दोषसहित हुन्छ भनेर बुझ्न आत्मसात गर्न सक्नु पर्छ । तसर्थ यहाँ पाखिन दाइका बारेमा पनि उहाँका सीमाहरू थिए भनेर उल्लेख गर्न खोजिएको छ । ता कि त्यसबाट बाँचेका हामीले पाठ सिकेर ती गल्ती दोहोऱ्याउने छैनौँ । जस्तो कि-

- पाखिन दाइले कम्युनिस्ट आन्दोलनमा लागेदेखि मृत्युको घडिसम्म जनवादी गीत सङ्गीत क्षेत्रमा लाग्नु भयो । तापनि उहाँले जनवादी गीत सङ्गीतको ट्र्याक निमार्णमा शास्त्रीयताको अध्ययन गर्नु भएन । जसले गर्दा हामीले लोक, आधुनिक, ऱ्याप, पप, आदि भन्दा पृथक कस्तो सङ्गीत र लय निर्माण गर्ने भन्ने कुरा अहिले पनि अन्यौलता नै रहेको छ । जनवादी गीत सङ्गीतमा लागेकाहरू कसैले पनि अहिलेसम्म यस बारेमा अध्ययन नै गरेको पाइँदैन । कमसेकम जीवनभर यही क्षेत्रमा जीवन विताएकाहरूले यसबारेमा अध्ययन, अनुसन्धान गर्नु पर्ने हो ।

- पाखिन दाइले जीवनभर क्रान्तिकारी धारामा आफ्नो सीप, कला, क्षमता, परिवार, र जीवनका सबै सुख दुःखहरू समर्पित गर्नुभयो । वैयक्तिक स्वार्थको तिलाञ्जली दिनुभयो । बलिदानीको बाटो रोज्नु भयो । तर जीवनको अन्तिम समयमा आएर उहाँमा लाभको पदीय स्वार्थले वैचारिक विचलनताको बाटो रोज्न लगायो । यो उहाँको कमजोरी थियो । जुन वर्ग र सत्ताका विरुद्ध उहाँले जीवनको सम्पूर्ण समय खर्चिनु भयो अन्तिममा आएर त्यसैको पक्षपोषण गर्न लागिपरेका नेताहरूको उपयोगको साधनमा आफूलाई समर्पित गर्नु भयो ।


- उहाँले महान् जनयुद्धका क्रममा आफ्नो छोरा गुमाउनु भयो । त्यसले उहाँलाई क्रान्तिप्रति अझ उर्जावान बानायो । परन्तु जब पार्टी कथित शन्ति प्रकृयामा आएपछि सरकारद्वारा प्रदान गरिएको सहिद परिवारलाई दिइएको राहत रकमप्रति आशक्ति देखाएर बुहारीप्रति सद्भाव र सहानुभुती जनाएर अविभावकत्व लिनु पर्नेमा उल्टो उनलाई आफ्नो जीवनसाथी गुमाएको पीडामा झन् पीडा थपिदिने जस्तो गलत कार्य गर्नुभयो । त्यसका बिरूद्ध बुहारीले न्यायको लडाइँ लड्नु पर्ने वातावरण बन्यो । यसो गर्नु हुँदैनथ्यो । सहिद परिवारको पहिलो हक जीवनसाथी नै हुन्छ, बाबुआमा होइन भन्ने कुरा बुझ्ने चेष्टा गर्नु भएन ।

यी र यस्ता केही वैचारिक, नीतिगत र मानवीय स्वभावका कमजोरी पाखिन दाइमा थिए । तथापि उहाँको सबल पक्षकै तराजु गह्रौँ छ । आधारभूत वर्ग, समुदायबाट आएको व्यक्ति पाखिन दाइले नेपालको कम्युनिस्ट आन्दोलनलाई क्रान्तिकारी धारामा बदल्नका निम्ति गरेको मूल्य, वर्ग सङ्घर्षमार्फत् नेपाली समाजलाई उहाँले पुऱ्याउनु भएको योगदान अतुलनीय छ । उच्च छ । स्तुत्य छ । यो नै उहाँको सबल पक्ष हो । हामी बाँचेका क्रान्तिकारी आन्दोलनका अभियन्ताहरूले पाखिन दाइबाट सिक्नु पर्ने शिक्षा धेरै छ । अल विदा पाखिन दाइ । हार्दिक श्रद्धाञ्जली सहित् यो संस्मरण पाखिन दाइमा समर्पित गर्दछु ।



## ❑ साताको कविता

## जगदीशचन्द्रका पाँच कविता



❑ दीपक विश्वकर्मा ❑

***भ्याँभ्याँ***

*सयौं वर्षदेखि*
*पुस्ता दरपुस्तादेखि*
*देखिँदै आएको छ*
*अजबगजबको जन्तु*

*एउटाबाट*
*हजारमा फेरिँदै*
*भ्याँभ्याँ गर्दै छ*
*पछि पछि दगुर्दै छ*

*सत्ता संसद सांसद*
*यस्तैमा छ*
*उसको स्वत्व पहिचान*

*न राष्ट्र न भूगोल*
*न प्रेम न अस्तित्व*
*बेचिनु काटिनु*
*पछि पछि दौडिनु*
*भेंडामा ब्युँझिएर*
*भ्याँभ्याँ गरिरहेछ*

***यस्तै रह्यो***

*नमरेकोलाई*
*मरेको घोषणा गर्नु भएन*
*स्पदन नभएकोलाई*
*जीवन भन्नु पनि भएन*
*त्यतिका बम-विस्फोटबाट*
*पनि कुनै छेदन-भेदन भएन*
*त्यो जस्ताको तस्तै रह्यो*
*जस्तो पहिले थियो*
*त्यस्तै त्यस्तै बान्कीको रह्यो*

*उही पुरानो मस्तिष्क*
*उही पुरानै हाउभाउ*
*उनै पुराना दुई आँखा*
*उनै पुराना दुई खुट्टा*
*न नयाँ जमाना*
*न नयाँ दुनियाँ*

*न बदलिएकोलाई*
*बदलिएको भन्न सकिएन*
*के गर्नु मित्र*
*मानिस बन्न खोजियो*
*यस्तै यस्तै रह्यो यसपालि*
*परिवर्तन भयो भन्न सकिएन*

***लेनिन***

*उस्तै अँध्यारो छ*
*उस्तै चकमन्न छ*
*जतिबेला*
*तिम्रो देशमा थियो*

*दुनियाँभरि*
*त्यस्तै नस्लका*
*त्यस्तै अनुहारका*
*शासक छन्*
*जस्तो कि*
*मानिसको श्रम*
*मानिसको रगत*
*मानिसको मांसल*
*तनतनी पिएर*
*टन्न खाएर*
*आनन्दमा रमाउने*
*शोषकहरू छन्*

*म दुनियाँको*
*जुनसुकै ठाउँमा रहूँ*
*तिमी अर्थात् मेरो प्रेम*
*मसँगसँगै*
*तिमीलाई बचाइ रहन्छु*

*तिमी सँगसँगै*
*म सँगसँगै*
*अघिपछि*
*धोखेबाज बेइमान*
*लुकिलुकी हिंडिरहे छ*
*फेरि पनि*
*मसँग तिमी छौ*
*संसारको*
*जुनसुकै कुनामा*
*उभिऊँ रहूँ*
*समयको तुफानी*
*थप्पड हानोस्*
*त्यसको बदलामा*
*सधैंभरि चट्टान भई*
*उभिएर प्रतिकार गरिरहन्छु*

*ओ ! मेरो लेनिन*
*यो शोषणको दलदलबाट*
*ब्वाँसाहरूको शासनबाट*
*दुनियाँ र मानिस*
*मुक्त नहुँदासम्म*
*अक्टोबर क्रान्तिको गीत*
*गाइरहन्छु*
*थरिथरिका दुस्मनसँग*
*भिडिरहन्छु*

*भन्दै छु*

*तिमी र तिम्रो व्यवस्था*
*संसारका सबैभन्दा*
*फोहर घिनलाग्दा*
*चिज हुन् भन्दै छु*
*हो, यतिबेला*
*चाहिएको छ*
*साँच्चिकै तप्त उषा*
*जस्तो*
*छोइने र पोल्ने उज्यालो*

*गुफा*

*सत्तागुफालाई*
*मानिसको उज्यालो*
*मन नपर्न सक्छ*
*मानिसका सपना*
*मानिसका स्वाद*
*सुन्दर वनस्पति*
*बग्दै गरेका नदि*
*उदाउँदै गरेको*
*सरेन्डर नगरेको*
*बिहानको घाम*
*अनि रातभरि*
*स्वाधीनताको गीत*
*गाउँदै जाग्राम बसेको*
*मेरो प्रिय जुन*
*स्नेहालु ताराहरू*
*केही पनि मन पर्दैन*
*हाँसो खुसी*
*प्रेम प्रणय*
*शीतोष्ण धरती*
*पहाडी गुनगुनाहट*
*तराईको हावा*
*हिमगन्धी हिमपुष्प*
*शताब्दीयौं देखिका*
*मानिसका राग*
*रिस प्रेम र आवेग*
*सत्तागुफाका निम्ति*
*खतरनाक छन्*

*आत्मसमर्पण गरेको*
*विचारले*
*सत्तागुफा मात्र*
*जन्माउँछ*
*प्वाँखसहितको*
*उज्यालो जन्माउँदैन*

## राष्ट्रियता...

५. सीमाना अतिक्रमण। ६. दार्चुला जिल्ला स्थित कालापानी-लिपुलेक-लिम्पियाधुरा भारतीय विस्तारवादको फौजसहितको कब्जा। ७. विप्पा सम्झौता। ८. नागरिकता विधेयक। ९. निर्बाध रूपमा भित्रिने भारतीय सिनेमा तथा उपभोग्य सामग्रीहरू। १०. सन् १९५० को सन्धि तथा त्यस अघिका सन् १८१६ को सुगौलीसम्मका सन्धिहरू, जसले नेपाललाई भारतको उपनिवेश बनाएको छ। ११. सन् १९६५ को सन्धि र पत्राचारहरू, जसले नेपाललाई भारतीय सुरक्षा छातामुनि ल्याउने काम गरेको छ। १२. पछिल्लो चरणमा नेपाली राजनीतिमा भारतीय हस्तक्षेप, जसले नेपाललाई भारतको अर्धउपनिवेश मात्र नबनाएर नबउपनिवेश बनाउने गरेको छ। १३. एम.सि.सि।

अर्कोतिर आन्तरिक राष्ट्रियताको कुरा गर्दा ब्राह्मणवादी राज्यसत्ताले यहाँका आदिवासी जनजातिमाथि थिचोमिचो र उत्पीडन गर्दै आएको छ। यसलाई यसरी सूत्रबद्ध गर्न सकिन्छ : १. आदिथलोमाथि अतिक्रमण र आप्रवासनको समस्या। २. भाषा, कला, संस्कृतिमाथि उत्पीडन र अतिक्रमण। ३. सम्पदामाथि अतिक्रमण। ४. प्राकृतिक स्रोतसाधनमाथि अतिक्रमण। ५. विकास निर्माणको नाममा आदिवासी जनजातिको उठिवास र अप्रत्यक्ष रूपमा जातीय संहार। ६. अर्थतन्त्रमाथि अतिक्रमण र विनास। नेपालको राष्ट्रियताको कुरा गर्दा बाह्य राष्ट्रियता र आन्तरिक राष्ट्रियता दुवै गम्भीर सङ्कटमा रहेका छन्। आन्तरिक राष्ट्रियता (आदिवासी जनजाति र क्षेत्रमाथि भइरहेका उत्पीडन) को समस्या हल नभई वास्तवमा देशभित्रको राष्ट्रियता मजबुत हुन सक्दैन। यसको मतलब जनता बिचमा सुदृढ एकता पैदा हुन सक्दैन। जनताको सुदृढ एकता बिना बाह्य राष्ट्रियताको समस्या (बाह्य शक्ति विषेश गरी भारतीय विस्तारवादको थिचोमिचो, उत्पीडन र हस्तक्षेपका) विरुद्ध सशक्त रूपमा लड्न सकिँदैन। अर्कोतिर बाह्य राष्ट्रियतालाई सुदृढ बनाउन नसक्दा आन्तरिक राष्ट्रियता पनि सुदृढ हुन सक्दैन।

आन्तरिक राष्ट्रियता र बाह्य राष्ट्रियता बिचमा द्वन्द्वात्मक सम्बन्ध रहेको हुन्छ। अर्को शब्दमा भन्दा आन्तरिक राष्ट्रियता र बाह्य राष्ट्रियता एक अर्काका परिपुरक हुन्छन्। त्यसैले राष्ट्रियताको कुरा गर्दा एक पक्ष समातेर अर्को पक्षलाई अनदेखा गर्नु राष्ट्रियताको आन्दोलनलाई जानीनजानी कमजोर बनाउने काम हुन्छ। यसबाट हामी सतर्क रहनु पर्दछ। हामी फेरि यस कुरामा पनि स्पष्ट हुनु पर्दछ कि अन्ततः बाह्य राष्ट्रियता प्रधान हुन्छ। यसो भन्दै गर्दा आन्तरिक राष्ट्रियतालाई छोड्नु गम्भीर गल्ती हुनेछ र यसले बाह्य राष्ट्रियतालाई कमजोर बनाउँछ।

यसले माथि उल्लेख गरिएका बाह्य राष्ट्रियताका समस्याहरू हल हुनेछन्। आन्तरिक तथा बाह्य राष्ट्रियताको समस्या हुनुमा साम्राज्यवाद तथा विस्तारवादको भूमिका गंभीर भएकोले आन्तरिक राष्ट्रियताको सवालमा देशभित्रका दलाल, नोकरशाही पुँजीपति वर्ग, ब्राह्मणवादी सामन्त वर्गको विरुद्ध संघर्ष केन्द्रीत गर्नुका साथै साम्राज्यवाद र विस्तारवाद विरुद्ध पनि संघर्ष केन्द्रीत गर्नु पर्छ। यी दुवैको निकास नयाँ जनवादी क्रान्तिले मात्र पुरा गर्न सक्दछ। त्यसैले राष्ट्रियताको मुद्दा जुन देशको अत्यन्त संवेदनशील तथा जटिल मुद्दा र देशको एउटा जल्दोबल्दो तथा प्रमुख मुद्दा मध्ये एक बनेको छ, यसलाई हल गर्न सबैले आन्तरिक तथा बाह्य राष्ट्रियता हल गर्ने गरी दुबै मुद्दाहरूलाई सशक्त रूपमा उठान गरेर सङ्घर्षलाई सशक्त बनाउनु पर्दछ। आम पार्टी पङ्क्तिभित्र, क्रान्तिकारी संयुक्त मोर्चाभित्र, सबै जबस र जातीय मोर्चाहरू तथा मञ्चहरूमा पनि यो एउटा प्रमुख मुद्दा बन्नु पर्दछ। साथै यसका लागि आम नेपाली जनता एक भई नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर सङ्घीय जनगणतन्त्र स्थापना गर्ने दिशामा अघि बढ्नु बाहेक हाम्रो अगाडि अर्को विकल्प छैन।
०७८/०३/३१

*जनगणतन्त्र वर्ष १ अंक १*
*२०७८ बाट साभार*
*(लेखक दे.ज.मो.का सचिव हुनुहुन्छ।)*

## अनेकिमहासंघ...

सुकुम्बासी संघका लुम्बिनी प्रदेश संयोजक तिलक विक लगायतका नेताहरूको अतिथ्यता रहेको थियो।

भेलामा किसान महासंघ (क्रान्तिकारी) का केन्द्रीय अध्यक्ष तथा कार्यक्रमका प्रमुख अतिथि सिताराम तामाङले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिस्थितिको चर्चा सहित प्रशिक्षणात्मक विचारका साथै शुभकामना मन्तव्य राख्नु भयो।

नेकपा (क्रान्तिकारी माओवादी ) का पिविएम तथा लुम्बिनी प्रदेश सचिव कमरेड भुपेन्द्र न्यौपानेले समसामयिक परिस्थिति र पार्टीको दृष्टिकोणसहित भेलाको पूर्ण सफलताको निमित्त शुभकामना दिनु भयो।

विद्यार्थी नेता मनोज थापाले संचालन गर्नु भएको भेलाको अध्यक्षता अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी ) का प्रदेश संयोजक प्रेमबहादुर थापाले गर्नुभएको थियो। कार्यक्रममा स्वागत मन्तव्य अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) का नेता नन्दराम रोकायाले राख्नु भयो।

भेलामाल समग्र जवस मोर्चाको तर्फबाट भेलाको सफलताको शुभकामना मन्तव्य अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघका लुम्बिनी प्रदेश संयोजक तिलक विकले राख्नु भएको थियो भने नवनिर्वाचित कमिटिलाई बधाई मन्तव्य किसान महासंघ (क्रान्तिकारी)का महासचिव धनेश्वर पोखरेलले दिनुभएको थियो।

## क्रान्तिकारी...

माओवादीका जिल्लो सेक्रेटरी कैलाश, अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)का सुप प्रदेश संयोजक टंक कोइराला, विद्यार्थी नेता जनक अवस्थी र स्वास्थ्य संगठनका नेता दलबहादुर ठकुल्लालगायतको आतिथ्यता रहेको थियो।

## क्रान्तिकारी ट्रेड...

संघर्षरत अन्नाका पीडित ९०२ जना मजदुरहरूमध्ये १६३ जनाले अहिले कानुनी लडाइ पनि गरिरहेका छन्, जसमा सबैको सहमति र हस्ताक्षेर गर्ने अभियानमा उनीहरू भएको जानकारी दिंदै कार्यक्रमका अध्यक्ष अर्जुनलाल श्रेष्ठले अन्नामा १५ वर्ष अमेरिकीको जागिर र ४ वर्ष भारतीय नागरिकको अधिनमा रही काम गरेको तर मजदुरले सञ्चयकोषका रूपमा जम्मागरेको उनीहरूको पैसा समेत नदिएर नांगो हात धपाएको थियो भन्नु भयो।

कार्यक्रममा विभिन्न सहभागीहरूले मन्तव्य राख्नु भएको थियो, जसमा सन्तोष घिमिरे, केशब ढकाल, डिल्लीराज कोइराला हुनुहुन्थ्यो भने अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका तर्फबाट महासंघका अध्यक्ष इश्वर तिमिल्सीना, बद्रिचापागाई, मोहन पाहारी, कुमार घताने, देवी गौली, उद्धव गुरुंग र प्रदीप अस्थानी आदि हुनुहुन्थ्यो। साथै अन्य मजदुर संठनबाट प्रतिनिधित्व गर्ने राजुमान प्रधान, दिनक लाल श्रेष्ठ र राजकुमार डंगोल हुनुहुन्थ्यो।

अधिवक्ता फडिन्द्र कार्कीले यसको कानुनी प्रक्रयाका वारे विस्तृत जानकारी दिनुभएको थियो। कार्यक्रमको अन्त्यमा सम्बोधन गर्दै प्रमुख अतिथि बसन्तले मजदुर आन्दोलनको सैद्धान्तिक तथा वैचारिक पक्षमाथि विस्तृत प्रकाश पार्दै उक्त आन्दोलन प्रति पार्टीको पूर्ण समर्थन रहने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो।

कार्यक्रमको सञ्चालन महासंघको केन्द्रीय सचिवालय सदस्य तथा ३ नं. प्रदेश सदस्य दिनेश बड्तौलाले गर्नु भएको थियो।

## रणनीतिक...

काठमाडौंबाट काँकरभिट्टा जान हिँडेको बसमा नारायणगढसम्म जाने यात्रुलाई सँगै जाउँ भन्दा कुनै ढाँटछल भ्रम दिइरहनु पर्दैन र नारायणगढ पुगेपछि काँकरभिट्टा जाने यात्रुलाई तँ पनि झर अगाडि जान पाउँदैनस् भनेर खोसाखोस र तानातान गर्नु पर्दैन र नारायणगढमा झर्ने यात्रुले व्यवहारमा त्यसो गर्दैन पनि। यही हो कार्यनीति र रणनीतिको सम्बन्ध। नारायणगढसम्म पुग्ने दुवैको साझा गन्तव्य र स्वार्थ मिल्यो, त्यो सँगै गए एउटाको उद्देश्य र गन्तव्य पुग्यो अर्कोको उद्देश्य र गन्तव्य काँकरभिट्टासम्म हो। बरू उसले अगाडि बढ्ने अरू यात्रु साथी खोज्न सक्छ पाउन सक्छ। रणनीति र कार्यनीतिको यो द्वन्द्वात्मक सम्बन्धलाई व्यवहारमा लागू गर्ने क्रममा नेपाली कम्युनिस्ट आन्दोलनमा कति भ्रम विवाद र अस्पष्टता रहँदै आएको छ।

लोकतान्त्रिक गणतन्त्रसम्म आउने काङ्ग्रेस एमालेको उद्देश्य हो, गन्तव्य हो। माओवादीको गन्तव्य र उद्देश्य नयाँ जनवाद हुँदै समाजवाद र साम्यवादसम्म पुग्नु हो। लोकतान्त्रिक गणतन्त्रको स्टेशनमा आइसकेपछि तँ पनि अगाडि बढ्न पाउँदैनस् हामीले तँलाई मूल घरमा ल्याएको हो यहीँ झर अगाडिको यात्रा गर्न पाउँदैनस् भनेर झोलाझाम्टा र खरखजाना खोस्न थाल्नु र हातमा समाएर ओराल्न खोज्नु मुर्ख्याईं मात्र थियो। तथापि माओवादीको मुख्य नेतृत्मा सिघ्र सत्तालिप्साको मोहले समात्यो र बाहृ बुँदे सम्झौताका सहयात्री सातदलीय शक्तिहरूले जता लतार्‍यो त्यतै लत्रिएर हिँडे। पार्टीभित्र भने विद्रोहको तयारी गर्ने हो भन्दै भ्रम दिइरहे। भ्रममा पारिरहे।

नेपाली कम्युनिस्ट आन्दोलनमा संयुक्त मोर्चा, न्यूनतम कार्यक्रम, अधिकतम कार्यक्रम, रणनीतिमा अत्यन्तै विवाद अस्पष्टता, भ्रम, अन्यौल, सङ्किर्णता रहँदै आएको छ। प्रधान अन्तरविरोध खुट्याइसकेपछि त्यसैलाई आधार बनाएर संयुक्त मोर्चा बनाउँदै प्रधान शत्रुलाई एक्ल्याउँदै आवश्यक पर्दा गौण शत्रुलाई समेत साथमा लिएर एक एक थुङ्गा फूल उन्दै माला पूरा गरे जसरी एक एक वटा लडाईं जित्दै समग्र युद्ध जित्ने नियमलाई पालना नगर्दा घुमिफिरी रुम्जाटारको गोलचक्करमा फस्नेदेखि लिएर बौद्ध भिक्षु रहेसम्म घण्ट बजाइरहने प्रवृत्ति पनि देखापरेको छ। पछाडि फर्केर समीक्षा र सिंहावलोकन गर्दा यस्ता पनि दिन थिए भनेर सम्झँदा अहिले उदेक लाग्छ। संयुक्त मोर्चा गर्दा केन्द्रलाई दलाल र गद्यार भन्ने त्यही पार्टीको तल्लो इकाईलाई देशभक्त र बामपन्थी भन्ने' जितेका पञ्चसँग कार्यगत एकता नगर्ने हारेका पञ्चसँग कार्यगत एकता गर्नेजस्ता वितण्डावादी कार्यशैली नेपाली कम्युनिस्ट आन्दोलनले बेहोरेको छ। यी माथिका विषयको आलोकमा माओवादी आन्दोलनका विभिन्न पार्टीहरूका बिचमा फेरि बहस वादविवाद चलेको छ। भनाई र गराइमा एकरूपता नहुँदा आशङ्का अविश्वास बढेको छ। अराजकतावादी व्यक्तिवादी नोकरशाही कार्यशैली नेता र कार्यकर्ताबिच राजा र रैतीको सम्बन्धलाई तोड्दै एउटा अतिवाद अर्को अतिमा पुगेर लेखहरूमा नामसम्म नलेख्ने समुहवादमा समेत फसेर सामुहिकताको केन्द्रीकृत अभिव्यक्तिको रूपमा नेतृत्वलाई पीरामीडीय आकारमा स्थापित गर्दै जाने भनिएकोमा एक्लो नेतृत्व स्थापित गर्ने काम भयो। मुसालाई बरदान दिँदै सिंह बनायो 'अब तैलाई खान्छु भन्न थालेपछि पुन मुसिको भवः भन्ने ऋषिको 'श्राप'जस्तो बन्न पुगेको छ, माओवादी पार्टीको नीति र नेतृत्वको अवस्था। ग्रामिण क्षेत्र मुक्त भए अब मध्यम वर्ग र शहरमाथि विजय प्राप्त गरेर 'दलाल नोकरशाह र सामन्ती सत्ता' विद्रोह गरेर कब्जा गर्दै सर्वहारा हितमा प्रयोग गर्ने भनेर अप्रिल थेसिस लेख्दै अक्टोबर क्रान्ति गर्न आएको पार्टी' शहरको रमझममै हराएर आफ्नो गन्तव्य विर्सँदै गयो। कार्यनीतिक लचकताको नाममा रणनीतिक उद्देश्य र गन्तव्यलाई छुपेरुस्तमको शैलीमा विसर्जन गर्दै लगियो।

रणनीतिक दृढता, इमान्दारिता, सरलता, लगनशीलताको ठाउँ कार्यनीतिक दाउपेच, फट्याई, बेइमान, वर्ग उत्थान र श्रमचोर प्रवृत्तिले लिँदै गयो। 'कम्युनिस्ट पार्टी नेताहरूको पार्टी हो, नेताहरूको नेता को हुने भन्ने कुरा मौकाको कुरा हो' भन्ने वैज्ञानिकताको ठाउँ निम्न पूँजीवादी अहङ्कारले गर्दा म मात्रै जान्ने, चलाख, बाकपटुता, कागको फुल चोर्न सक्ने, पछाडि पनि आँखा भएको, म नभए पृथ्वी घुम्दैन, अरूले चलाउन सक्दैनन्' भन्ने कुराले ठाँउ लिँदै गयो। रणनीतिक दृढता मात्र समाउने हो भने मार्क्सवाद कठमुल्लावादको धर्मशास्त्र बन्छ र हरेक माघ महिनामा पढिने स्वस्तानी ब्रत कथा भन्दा अरू केही हुँदैन। कार्यनीतिक लचकता मात्र अपनाउने हो भने मार्क्सवादको नाउमा कमाई खाने फटाहाहरूको एउटा झुण्ड मात्र बन्छ। जो एमाले र माओवादीकेन्द्र बनिरहेको छ। मन जे भयो सत्य सहज ज्ञान आज जे काम गर्‍यो त्यही नै मार्क्सवाद भन्ने अलग अलग दैनिक कार्य तालिका मात्र बन्दछ। रणनीतिक दृढता र सिद्धान्त रक्षाको नाममा प्रयोग र विकासबाट अलग भएको मोहनविक्रम प्रवृत्ति हाम्रो अगाडि खडा छ। कार्यनीतिक चतुर्‍याईको नाममा मार्क्सवादको आधारभूत कुरा वर्गसङ्घर्ष सर्वहाराको नेतृत्वमा निरन्तर क्रान्ति बल प्रयोगको भूमिका अधिनायकत्व झिकिदिँदा एमालेजस्तो संसदवादी बहुदलीय जनवादी सुधारवादी बुर्जुवा पार्टी बन्ने खतरा छ। यी दुवैबाट बच्नै रणनीतिक दृढता र कार्यनीतिक लचकताको द्वन्द्वात्मक सम्बन्ध कायम गरेर अगाडि जाने पार्टीको आवश्यकता छ। अहिलेसम्म त्यो भूमिका र जिम्मेवारी माओवादी पार्टीले निर्वाह गर्दै आएकोमा अब प्रश्नचिन्ह खडा भएको छ र फेरि नयाँ टेष्ट उत्तीर्ण गर्न जरुरी छ।

यही कुरा नेतृत्वमा पनि लागू हुन्छ। रणनीतिक कुरा मात्र गर्ने त्याग तपस्या बलिदानका मात्र कुरा गर्ने दैनिक सूचनाबाट अलग हुनेका २४ घण्टे मह[illegible]व भएका सूचना लिन दिन नखोज्ने दैनिक नुन तेल छाक बसेर आएका कार्यकर्ताको न्यूनतम आवश्यकताको गाँठो नफुकाउने हो भने कि त घरमा सम्पन्न भएका समस्या नभएका माथिल्लो वर्गका मानिसहरूको जमघट बन्छ पार्टी कि साधु सन्त र सन्यासीहरूको जस्तो बन्न पुग्छ। अर्कातिर कार्यनीतिक लचकताको नाममा वैचारिक उत्प्रेरणाको साटो भौतिक उत्प्रेरणालाई प्राथमिकतामा राख्ने हो भने पार्टीमा लाग्नु भनेको केही गुमाउन होइन केही पाउनको लागि हो भन्ने मानिसहरूको भिडतन्त्र बन्न पुग्छ। पार्टी बाँच्नको लागि खानको सट्टा खानको लागि बाँच्ने सम्प्रदायको पार्टी बन्छ। ठेक्कापट्टा, ठूला काला बजारीया, तश्करहरूले घेरा हाल्छन् र मार्क्सवाद उपयोगितावादमा फेरिन्छ। यस्को द्वन्द्ववाद भनेको मैले पार्टीलाई के दिएँ भनेर सोच्ने मलाई पार्टीले के दियो भनेर होइन भन्ने प्रवृत्तिको विकास गराउनु पर्छ भने तल्लो र विपन्न वर्गबाट आएका कार्यकर्तालाई सुख, दुःखमा साथ नदिने हो भने कम्युनिस्ट पार्टी अभिजात वर्गको पार्टीमा फेरिन्छ। निम्न पुँजीवादी समाजमा मानिसहरू सामुहिकतामा भन्दा वीर पूँजीवादी दृष्टिकोण राख्ने हुँदा हिरो खोज्ने प्रवृत्ति हुन्छ। त्यस्तो अर्थात् स्वस्थ, शिक्षित, धनी, हाकिम खोज्दै जाँदा मनहोमन, डा. केशरजंग रायमाझी, तुल्सीलाल, मोहनविक्रम जस्ता भेटिन जान्छन्।

हामीलाई वैचारिक र भौतिकरूपमा सर्वहाराकृत नेतृत्वको खाँचो पर्छ। यसमा पनि पार्टीले द्वन्द्वात्मक सम्बन्ध राख्नु पर्छ। हरेक नेता तथा कार्यकर्ताले पार्टीलाई बढी भन्दा बढी दिऊँ भन्ने र पार्टीबाट सकेसम्म नलिँऊ र कम भन्दा कम लिऊ भन्ने सोचाई राख्नु पर्छ। यसो गर्दा मात्र सर्वहारा, तल्लो वर्गबाट आएका कार्यकर्ता पेशेवर क्रान्तिकारीलाई पार्टीमा टिकाउन सकिन्छ। रणनीतिमा सबै सर्वहाराकृत भन्ने र बनाउने हो। उत्पादनका साधन भूमी, पूँजी, श्रम र सङ्गठन सामजिक सम्पत्ति बनाउने र समाजवाद ल्याउने हो तर कार्यनीतिमा शासकवर्गकै एउटा तप्का विद्रोही बनेर क्रान्तिकारी बन्ने र तल्लो वर्गको मीतेरी बन्न आउने हुँदा हामीले शुद्धिकरणमार्फत् सर्वहाराकृत बनाउँदै अगाडि बढाउनु पर्छ। यसप्रकार हामीले नीति, नेतृत्वको रणनीति र कार्यनीतिलाई तालमेल मिलाउँदै साम्यवादी आन्दोलनलाई अगाडि बढाउने हो।

## २८ गते...

सीपी गजुरेलले शनिबार एक प्रेस विज्ञप्ति जारी गर्नुभएको छ।

वक्तव्यमा भनिएको छ, 'यही मङ्सिर १६ गते देउवा नेतृत्वको गठबन्धन सरकारको सिफारिसमा राष्ट्रपतिद्वारा मङ्सिर २८ गते संसद्को अधिवेशन बोलाइएको छ। अमेरिकी उपविदेशमन्त्रीद्वारा एम.सी.सी. पारित गर्नका लागि तोकिएको समयसीमाभित्र बोलाइएको अधिवेशन त्यसै प्रयोजनका लागि हो भन्ने स्पष्ट छ।'

एमसीसी पास भए नेपालले आफ्नो स्वाधीनता गुमाउनुपर्ने स्थिति आउने चेतावनी दिदै विज्ञप्तिमा भनिएको छ, 'यदि यो एम.सी.सी. सम्झौता पारित भयो भने नेपालले आफ्नो स्वाधीनता गुमाउनुपर्ने र हाम्रो देश विदेशी शक्तिहरूको क्रिडास्थल बन्ने कुरा जगजाहेर नै छ। यस प्रकारको स्थिति सिर्जना हुन नदिनका लागि हामीले राष्ट्रघाती एम.सी.सी. सम्झौता खारेजीका लागि सङ्घर्ष गर्दै आएका छौं। उक्त सम्झौता संसद्मा पेस हुन र पारित हुन नदिनका लागि दबाव सिर्जना गर्न आगामी मङ्सिर २४ गते सशक्त विरोध प्रदर्शन कार्यक्रमको आयोजना गरेका छौं। यस कार्यक्रममा सहभागी हुन हामी सबै देशभक्त नेपालीहरूलाई जोडदार आह्वान गर्दछौं।'

यसरी एमसीसी सम्झौतालाई 'राष्ट्रघाती सम्झौता' भएको ठहर गर्दै खारेजीको जोडदारमागसहित सडक संघर्षमा उत्रने २६ वटा राजनीतिक संगठनहरूमा १. नेकपा (क्रान्तिकारी माओवादी) २.नेकपा (माले) ३. नेपाल कम्युनिस्ट पार्टी ४. नेपालका लागि नेपाली ५. उन्नत लोकतन्त्र पार्टी ६. नेपाल कम्युनिस्ट पार्टी ७. देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल ८. नेकपा (माओवादी केन्द्र समाजवादी) ९. नेकपा (माओवादी मोर्चा) १०. राष्ट्रिय जागरण मञ्च ११. जनसमाजवादी पार्टी १२. नेकपा (संयुक्त) १३. वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी १४. नेकपा (बोल्शेविक) १५. एम.सी.सी. खारेज अभियान १६. पुष्पलाल अध्ययन समाज १७. स्वतन्त्र राष्ट्रिय अभियान १८. नेकपा मार्क्सवादी (पुष्पलाल) १९. राष्ट्रिय जागरण अभियान २०. नेकपा (जनवादी) २१. सर्वहारा कम्युनिस्ट पार्टी (माओवादी) २२. मार्क्सवादी एकता अभियान २३. नेकपा (मार्क्सवादी) २४. राष्ट्रिय समाजवादी मञ्च, नेपाल २५. राष्ट्रिय जागरण परिषद् नेपाल, २६. समाजवादी ज्ञान केन्द्र रहेका छन्।

नेकपा (क्रान्तिकारी माओवादी) र देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको पहल र नेतृत्वमा निकै लामो समयदेखि राष्ट्रिय स्वाधीनता रक्षाको आन्दोलन हुँदै आएको छ। क्रान्तिकारी माओवादी लगायत देशभक्त तथा क्रान्तिकारीहरूको निरन्तरको सडक आन्दोलनकै कारण तत्कालीन ओली नेतृत्वका सरकारले नचाहेर पनि लिम्पियाधुरा-लिपुलेक-कालापानीसहितको नक्सा जारी गर्न बाध्य भयो। र, एमसीसी सम्झौता पनि खारेजीका लागि निकै ठूलो दबाब आन्दोलनको सृष्टि गर्‍यो। त्यसैकारण पनि दुई वर्षअघि संसदमा दर्ता भइसकेको एमसीसी सम्झौता अहिलेसम्म पनि सदनमा टेबल हुन सकेको छैन। तर एमसीसी मुख्यालय, त्यसका पदाधिकारीदेखि अमेरिकी राष्ट्रपतिसम्मले एमसीसी सम्झौता पास गर्न दबाब बढाएपछि संसदवादी दलहरू एमसीसी सम्झौता विनाशर्त संसदमा टेबल गर्न सहमत भइसकेका छन्। संसदको गणित हेर्ने हो भने दुईतिहाइ मतले नै राष्ट्रघाती रहेको एमसीसी सम्झौता पास हुने स्थिति देखिन्छ। पछिल्लो पटक अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुले १४ डिसेम्बर अर्थात् मंसिर २८ भित्र पास गर्न दिएको अल्टिमेटमलाई नै मध्येनजर गर्दै सरकारले २८ मंसिरका लागि संसदको अधिवेशन आव्हान गरिसकेको छ। १४ डिसेम्बरमै वासिङ्टनमा बस्ने एमसीसीको बैठकमा एमसीसीको नेपाल सम्झौतालाई एजेण्डा नै बनाइएको छ। नेपाललाई थप दबाब दिन एमसीसी मुख्यालयले बैठकका एजेण्डाहरू नै सार्वजनिक गरिसकेको छ। र, नेपाली सञ्चारमाध्यमहरूले पनि त्यो प्रचार गरिरहेका छन्।

अमेरिकी सरकार र एमसिसीका उच्च अधिकारीले 'एमसिसी नेपाली जनताको हितमा छ भन्ने लागे स्वीकार गर्न र नभए यसलाई अन्य मुलुकमा लैजान सकिने' बताइरहेका वेला सरकारले यो सम्झौतालाई संसद् लैजाने तयारी गरिसकेको छ।

एमसिसी सम्झौता संसद्मा ३१ असार ०७६ मै नै दर्ता भएको थियो। कार्यान्वयनपूर्व यसलाई संसद्बाट अनुमोदन गर्नुपर्ने सम्झौतामा उल्लेख छ। तर संसदबाट अनुमोदन हुनुअगावै एमसिसीलाई आंशिक कार्यान्वयनमा लगिसकिएको छ। ६ अर्बभन्दा धेरै रकमसमेत खर्च समेत गरिसकिएको छ। सम्झौता कार्यान्वयनका लागि धेरै समय पर्खिन नसकिने भन्दै एमसिसी उपाध्यक्ष फातिमा सुमार र अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुले नेपाल भ्रमण गरेर शीर्ष राजनीतिक नेतालाई भेटेर दबाब दिएको थियो।

अमेरिकाको न्युयोर्कमा २८ मंसिरदेखि नै एमसिसी बोर्ड अफ डाइरेक्टर्सको बैठक बस्दै छ। बैठकका ६ वटा एजेन्डामध्ये तेस्रो नम्बरमा नेपालको विषय राखिएको छ। बोर्डको बैठक बसेकै दिन अमेरिकालाई एमसिसी फिर्ता गर्न नदिने सन्देश प्रवाह गर्नका लागि सोही दिन संसद् अधिवेशन आह्वान गरिएको हो। प्रस्ताव तयार पार्नेदेखि टेबल गर्नका लागि एक सातासम्म समय लाग्न सक्ने अनुमान सत्तारुढ गठबन्धनका शीर्ष नेताहरूको रहेको स्रोतले बतायो। तर एमसीसी सम्झौता र सम्झौतामा भएका प्रावधानहरू नेपालका लागि कति घातक छन् र त्यसका दुष्परिणामहरू के के हुन सक्छन् भन्ने कुराको निकै लामो समयदेखि नेपाली सञ्चारमाध्यमहरूमा, सडकमा हुने विरोध प्रदर्शन र बौद्धिक तथा विज्ञ बहसहरूमार्फत् सार्वजनिक हुँदै आएका छन्। नेपाली जनताको विशाल हिस्सा एमसीसी सम्झौता खारेज हुनुपर्छ भन्ने पक्षमा उभिएको छ। सत्तारुढ गठबन्धनका दलहरूभित्रै पनि खासगरी प्रचण्ड, माधव नेपाल र मोहनविक्रमको पार्टीमा एमसीसी सम्झौता खारेज गरिनुपर्ने जोडदार आवाज उठिरहेको छ। तर कांग्रेस, एमाले र जनसपाका अधिकांश सांसदहरू एमसीसी सम्झौता पास गर्ने पक्षमा देखिएकाले संसदमा टेवल भएको अवस्थामा यो राष्ट्रघाती सम्झौता पास हुने स्थिति छ। यो सम्झौता पास भए नेपाल अमेरिकाको गुलाम देशमा परिणत हुनेछ र नेपाल अमेरिका र चीनको लडाइँको अखडामा परिणत हुँदा सँदाका लागि नेपालको अस्तित्व नामेट हुने स्थिति आउन सक्ने खतरा रहेको विज्ञहरूको चेतावनी छ। यसप्रति सिंगो देश, स्वाभिमानी नेपाली जनता, सच्चा देशभक्त तथा क्रान्तिकारी शक्तिहरूले एकताबद्ध भएर साम्राज्यवादी, विस्तारवादी र तिनीहरूको दलालीमा अस्तित्व देख्ने घरेलु दलालहरूका विरुद्ध सशक्त प्रतिरोध संघर्ष संगठित गरेर अगाडि बढ्न जरुरी छ।


यी जनपक्षीय मिडियाहरु खोजी खोजी पढौं !

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक

## आलोपालो

# राष्ट्रियताको मुद्दा र सङ्घर्षको सवाल

*नेपालका आदिवासी जनजातिमाथि पृथ्वीनारायण शाहको गोरखा राज्य विस्तारका क्रममा उनीहरूका आदिथलो, आर्थिक, सांस्कृतिक र धार्मिक रूपमा उत्पीडन हुँदै आएका छन् । गोरखा राज्य विस्तारलाई हामी नेपालको भूगोलको एकीकरणको रूपमा पनि लिन सक्छौँ । आज सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा पनि नेपालको आन्तरिक राष्ट्रियता झन् गम्भीर सङ्कटमा पर्दै आएको छ*



● पवनमान श्रेष्ठ ●

नेपालको सवालमा राष्ट्रियताको मुद्दा एउटा सम्वेदनशील र पेचिलो मुद्दा बन्दै आएको छ। राष्ट्रियताको कुरा गर्दा देशको भूगोल अथवा सीमानामा बाह्य शक्तिले गर्ने हस्तक्षेपको रूपमा मात्र बुझ्ने पनि गरिन्छ। यहाँ यस्तो पनि प्रचलन छ कि राष्ट्रियताको समस्यालाई आम रूपमा नेपालमाथि बाह्य शक्तिको हस्तक्षेप मात्र बुझ्ने। तर यो आंशिक बुझाई मात्र हो। वास्तवमा राष्ट्रियताको सवाल देशमाथि बाह्य मुलुकबाट गरिने अवान्छित क्रियाकलाप र हस्तक्षेप तथा देश भित्रकै आदिवासी जनजातिमाथि हुने उत्पीडन र हस्तक्षेप पर्दछन्। त्यसैले राष्ट्रियताको सवाल आन्तरिक र बाह्य पक्ष दुबै हुन्छन्। राष्ट्रियताको मुल तत्व भनेको यहाँका जनता हुन्। जनताका आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक र भूगोल बाह्य राष्ट्रियता अन्तर्गत पर्दछन् भने आन्तरिक राष्ट्रियता पनि सम्बन्धित भूगोलका आदिवासी जनजाति, उनीहरूको अर्थतन्त्र, भाषा, कला, संस्कृति, धर्म आदि पर्दछन्। नेपालको राष्ट्रियताको कुरा गर्दा बाह्य राष्ट्रियता अन्तर्गत नेपालको एकीकरणपछि भारतस्थित इष्ट इण्डिया कम्पनीद्वारा नेपालमाथि फौजी हस्तक्षेपबाट शुरु भएको देखिन्छ र सुगौली सन्धिपछि नेपालले आफ्नो एकतिहाई भूगोल मात्र गुमाउनु परेन, बरू निरन्तर रूपमा थप आर्थिक, अप्रत्यक्ष रूपमा राजनीतिक र सांस्कृतिक रूपमा हस्तक्षेप हुँदै आएका छन्। नेपाल तात्कालिन रूपमा वृटिश इण्डियाको र हाल भारतीय विस्तारवादको अर्धउपनिवेश तथा नवउपनिवेशको रूपमा कायम रहेको छ। नेपालका आदिवासी जनजातिमाथि पृथ्वीनारायण शाहको गोरखा राज्य विस्तारका क्रममा उनीहरूका आदिथलो, आर्थिक, सांस्कृतिक र धार्मिक रूपमा उत्पीडन हुँदै आएका छन्। गोरखा राज्य विस्तारलाई हामी नेपालको भूगोलको एकीकरणको रूपमा पनि लिन सक्छौँ। आज सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा पनि नेपालको आन्तरिक राष्ट्रियता झन् गम्भीर सङ्कटमा पर्दै आएको छ। यस्तो हुनुमा साम्राज्यवादी तथा विस्तारवादका आडभरोसामा रहेका दलाल तथा नोकरशाही पुँजीपति राष्ट्रिय आत्मसमर्पपणवादी तथा ब्राह्मणवादी प्रतिक्रियावादी शासकहरूले मलजल गर्दै आएका छन्। नेपालको वाह्य राष्ट्रियताको कुरा गर्दा साम्राज्यवाद विषेशतः भारतीय विस्तारवादबाट लगातार रूपमा हुँदै आएको उत्पीडन प्रमुख रूपमा रहेको छ। भारतीय विस्तारवादले नेपालको भूगोलमाथिको अतिक्रमण, नेपाली जनताको जनजीवनमाथि प्रत्यक्ष रूपमा असर पार्ने गरी आर्थिक र सांस्कृतिक रूपमा अतिक्रमण, जनसाङ्खिक अतिक्रमण, राजनीतिक हस्तक्षेप आदि पर्दछन्। यिनलाई यसरी सुत्रबद्ध गर्न सकिन्छ

१. नदीनाला, जलस्रोत तथा जलविद्युत्सँग सम्बन्धित असमान सन्धि सम्झौताहरू। यस अन्तर्गत कोशी, गण्डक सम्झौता, महाकाली सन्धि, पछिल्लो चरणमा भएका अपर कर्णाली र अरूण तेस्रो रहेका छन्। २. कोशी नदीमा उच्च ड्याम बनाउने परियोजना, जसले नेपालको थुप्रै वस्ती र खेतीयोग्य भूमि जलमग्न बनाउने छ। यसका साथै नेपालको दक्षिणी सीमानामा भारतद्वारा जमिन उठाएर बनाइएका सडक तथा ड्याम, जसले नेपाली भूमि वर्षातको मौसममा डुवानमा पारिरहेको छ। ३. पारवहन सन्धि। ४. भारतीय विस्तारवादले नेपाल जस्तो भूपरिवेस्थित देशमाथि वेलावखत गरिने नाकाबन्दी।

*बाँकी ७ पेजमा*

# मूल्यवृद्धिको विरोधमा नेकपा (क्रान्तिकारी माओवादी) आबद्ध अखिल क्रान्तिकारीद्वारा आयल निगमलाई कमिशन स्वरूप रु १ संकलन गरी हस्तान्तरण

सूर्खेत। नेकपा (क्रान्तिकारी माओवादी) आवद्ध अखिल क्रान्तिकारीद्वारा कर्णाली प्रदेशको आयल निगमलाई कमिशन स्वरूप रु १ संकलन गरि नेपाल आयल निगम कर्णाली प्रदेश कार्यालयका कार्यालय प्रमुखलाई हस्तान्तरण गरियो। हस्तान्तरण कार्यक्रम सयुक्त विद्यार्थी संगठनका नेताहरू र नेकपा (क्रान्तिकारी माओवादी ) का केन्द्रीय सदस्य दिपकबहादुर शाहीको आतिथ्यतामा सम्पन्न भयो।

ग्याँस तथा पेट्रोलियम पदार्थको मुल्यबृद्धि अभिलम्ब फिर्ता गर !
बढ्दो महङ्गि नियन्त्रण गर !
भ्रष्ट आयल निगमलाई कमिशन स्वरुप
रु. १ संकलन

मिति: १० मसिर, २०७८
स्थान: क्याम्पस रोड, म.प. विश्वविद्यालय, सुर्खेत
समय: दिउँसो १:०० बजे

आयोजक:
अखिल क्रान्तिकारी
कर्णाली प्रदेश समिति
नेकपा (क्रान्तिकारी माओवादी) आवद्ध


## तपाई निम्नमध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन ?

- बाल विवाह
- अनमेल विवाह
- अनिच्छित विवाह
- बहु विवाह
- दाइजो विवाह
- दवाव विवाह

*विचार गर्नुस्,*

के तपाई अपराध र अपराधीलाई सहयोग त गरिरहनु भएको छैन ? यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड








**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।